का.जि.प्र.का.द.नं. १००/०५२/६०
२२ जेठ २०८२,
बिहीबार
5 June, 2025
Thursday
मूल्य रु. ५/-

# मध्याह्न
राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २३, अंक १२३ । पृष्ठ १०
Madhyanha National Daily
www.madhyanhadaily.com

# युद्धकालीन व्यक्ति हत्यामा प्रहरी अनुसन्धान हुने



प्रहरीले अनुसन्धान गरेर काभ्रेका अर्जुन लामाको हत्यासम्बन्धी मुद्दा टुंग्याउने विषय सत्य निरूपण तथा मेलमिलाप आयोगमा पठाउन सक्नेछ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २१ जेठ ।

युद्धकालीन हत्यामा प्रहरी अनुसन्धान हुने भएको छ । एक दशकदेखि सर्वोच्च अदालतमा विचाराधीन मुद्दामा बुधबार उत्प्रेषण आदेश जारी गर्दै सर्वोच्च अदालतले युद्धकालीन व्यक्ति हत्यामा प्रहरीले फौजदारी अनुसन्धान गर्न सक्नेगरी बाटो खुला गरिदिएको हो ।

सर्वोच्च अदालतको संवैधानिक इजलासले जारी गरेको उत्प्रेषण आदेशअनुसार माओवादीका उपाध्यक्ष अग्निप्रसाद सापकोटा सहित व्यक्तिविरुद्ध अनुसन्धान हुने बाटो खुला भएको हो ।

तत्कालीन नेकपा माओवादीले सशस्त्र द्वन्द्वकालमा २०६२ साल वैशाख १६ गते काभ्रेका अर्जुन लामालाई अपहरण गरेको थियो । लामाको शव दुई महिनापछि गाडिएको अवस्थामा काभ्रे बुढाखानीमा फेला परेको थियो ।

शान्ति प्रक्रिया सुरू भएपछि अर्जुन लामाकी पत्नी पूर्णिमाया लामाले माओवादी नेता सापकोटा लगायतविरुद्ध जाहेरी दिएकी थिइन् । तर प्रहरीले द्वन्द्वकालीन मुद्दा भनेर जाहेरी लिन मानेन । त्यसपछि २०६९ मंसिर ७ गते सर्वोच्च अदालतमा रिट दिएकी थिइन् ।

त्यसअगाडि सर्वोच्च अदालतले २०६४ सालमा उक्त जाहेरी दर्ता गर्न आदेश समेत दिएको थियो । सर्वोच्चको आदेशपछि जिल्ला प्रहरी कार्यालय काभ्रेमा जाहेरी दर्ता भएर अनुसन्धानका लागि पक्राउ पुर्जी जारी भएको थियो । २०६५ साउन २६ गते तत्कालीन पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारले द्वन्द्वकालीन विषय भएको भन्दै उक्त जाहेरी तामेलीमा राख्ने निर्णय गऱ्यो ।

उक्त निर्णयविरुद्ध पुर्णिमाया फेरि सर्वोच्चमा रिट लिएर गएकी थिइन् । २०६९ सालमा तत्कालीन प्रधानमन्त्री डा. बाबुराम भट्टराई नेतृत्वको सरकारले फेरि उक्त फाइल तामेलीमा राख्ने निर्णय गरेको थियो । त्यसपछि रोकिएका अनुसन्धान अघि बढाउन मिल्ने गरी बुधबार सर्वोच्च अदालतले बाटो खुला गरिदिएको हो ।

प्रधानन्यायाधीश प्रकाशमान सिंह राउत सहित सपना प्रधान मल्ल, कुमार रेग्मी, मनोजकुमार शर्मा र कुमार चुँडालको संवैधानिक इजलासले उत्प्रेषणको आदेश जारी गरेको हो । काभ्रेका लामाको अपहरणपछि हत्या गरेको अभियोगमा सजाय माग गर्दै अर्जुनकी पत्नी पृष्ठ २ मा

फोहोर व्यवस्थापन
गरौं र गराऔं ।
- जथाभावी फोहोर नफालौं,
- कुहिने र नकुहिने फोहोरलाई छुट्याएर अलग-अलग राखौं,
- घरायसी फोहोर कम गरौं,
- पुन: प्रयोग गर्न सकिने फोहोरको व्यवस्थापन गरौं,
- जैविक फोहोरबाट प्राङ्गारिक मल उत्पादन गरौं ।
- तोकिएको समय र स्थानमा मात्र फोहोर फालौं,
- प्लास्टिक, कागज, काँचजस्ता पुन:प्रयोग हुने वस्तुहरूको छुट्टै संकलन गरौं,

*फोहोर नजलाऔं, फोहोरको समुचित व्यवस्थापन गरौं र वातावरण जोगाऔं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड

# अमेरिकाद्वारा भिजिट भिसामा कडाइ

**निमिष झा/मध्यान्ह**
काठमाडौं, २१ जेठ

भिजिट भिसामा विदेश जानेबाट लाखौं रूपैयाँ असुल्ने भएको विवरण सार्वजनिक भएसँगै अमेरिकाले नेपाली नागरिकलाई भिसा दिन प्रक्रियामा कडाइ गरेको छ ।

काठमाडौंस्थित अमेरिकी दूतावासले बुधबार एक सूचना जारी गरी कडाइका साथ सुरक्षा जाँचबिना भिसा दिन नसकिने बताएको छ । राष्ट्रिय सुरक्षामा सम्भावित खतरा पुऱ्याउन सक्ने व्यक्तिहरूलाई अमेरिका यात्रामा प्रतिबन्ध लगाइने दूतावासले जारी गरेको सूचनामा उल्लेख छ ।

पछिल्लो समय नेपालमा सरकारी अधिकारीहरूकै संलग्नतामा ठूलो रकम लिएर भिजिट भिसामा नागरिक पठाइरहेको विषय सतहमा आएसँगै अमेरिकाले कडाइको नीति अवलम्बन गरेको हो । यस विषयमा गृहमन्त्री रमेश लेखकको नाम समेत मुछिएको अवस्थामा अमेरिकाले नेपालबाट जानेहरूका लागि भिसा दिन झन् कडाइ गरेको हो ।

त्रिभुवन विमानस्थल अध्यागमन कार्यालयका प्रमुख तीर्थराज भट्टराईसहितको मिलेमतोमा भिजिट भिसामा जानेबाट



दैनिक ५० लाखभन्दा बढी रुपैयाँ उठाउने गरेको प्रकरणमा अहिले अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानबिन गरिरहेको छ ।

भिजिट भिसा प्रकरणमा गृहमन्त्री लेखकका सचिवालयकै सदस्यहरूसमेत लेनदेनमा मुछिएको जानकारी सार्वजनिक भइरहँदा सत्तारुढ नेपाली कांग्रेस र नेकपा एमाले दुवै बचाउमा उत्रिएका छन् । प्रधानमन्त्री केपी शर्मा ओली र कांग्रेस सभापति शेरबहादुर देउवाले लेखकको बचाउ गरिरहँदा संसद्समेत अवरोधको अवस्थामा छ । यस्तो परिस्थितिमा काठमाडौंस्थित अमेरिकी दूतावासले नेपालीलाई नागरिकलाई भिसा दिन कडाइ गरेको हो ।

नेपालमा भिजिट भिसाको प्रकरणमा अमेरिकाले घटनालाई गम्भीर रूपमा लिएको छ ।

भिजिट भिसाको नाममा भएको मानव तस्करीको घटनालाई लिएर गृह मन्त्रालय नै अमेरिकाको कालोसूचीमा पर्न सक्ने खतरा पनि बढेको छ । राज्यकै मिलेमतोमा मानव तस्करी भएको र´ अध्यागमनमा हुने 'सेटिङ'ले आतंकवादीलाई प्रश्रय दिन सक्ने जनाउँदै अमेरिकाको चासो बढेको छ र यसकारण गृहमन्त्रालय नै कालोसूचीको खतरामा पर्न सक्ने सम्भावना बढेको छ ।

प्रहरीले विमानस्थलका निवर्तमान अध्यागमन प्रमुख सहसचिव भट्टराई पक्राउ गरेको २४ घण्टा नबित्दै अमेरिकाले उनको भिसा रद्द गरेको थियो । यस विषयमा निष्पक्ष अनुसन्धान नभएर गृह मन्त्रालयलाई नै कालोसूचीमा राख्नृ अमेरिकाले संकेत गरेको छ ।अमेरिकाले यसअघि प्रहरीका विभिन्न कार्यालयलाई पनि मानव अधिकारसम्बन्धि विषयमा कालोसूचीमा राखी ती कार्यालयका कार्यरत कर्मचारीलाई भिसा रद्द गरेको थियो ।

# उत्सव बन्यो शोक



**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ जेठ ।

भारतको बेङ्ग्लुरुस्थित चिन्नास्वामी स्टेडियम परिसरमा स्थानीय क्रिकेट (आईपीएल) टोलीको विजय उत्सव मनाउनेक्रममा भीड अनियन्त्रित हुन पुगेको छ। भीड अनियन्त्रित हुँदा चलेको भागदौडमा ११ जनाको मृत्यु भएको भारतीय सञ्चार माध्यमले जनाएका छन् ।

घटना स्थलमा हजारौं मानिसहरूको भीड लागेको थियो । केही मानिसहरु अत्यधिक भिडका कारण बेहोस भएका छन् । घाइतेहरूको स्थानीय अस्पतालमा उपचार भइरहेको छ ।

१८ वर्षपछि रोयल च्यालेन्जर्स बेङ्ग्लुरु (आरसीबी) आईपीएल विजेता बनेको पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

# कतार र यूएई हिंडेका १० नेपाली भारतमा पक्राउ

## फर्जी कागजात र गलत बाटोबारे अनुसन्धान जारी

**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ जेठ ।

भारतीय सुरक्षाकर्मीहरूले आफ्नो देशका विमानस्थल प्रयोग गरेर वैदेशिक रोजगारमा जाने नेपाली कामदारमाथि कडिकडाउ सुरु गरेका छन् । नक्कली कागजातमा खाडी देशहरूमा उडान भर्न खोजिरहेको भन्दै गत हप्ता मुम्बई विमानस्थलमा १० जना नेपाली नागरिक पक्राउ परेपछि भारतीय विमानस्थलबाट सहजरूपमा खाडी मुलुकमा हुने नेपाली कामदारको यात्रा सन्देहको घेरामा परेको हो ।


पक्राउ परेकाहरूले आफू बिहारबाट अवैध तरिकाबाट सीमा पार गरेको र एजेन्टहरूलाई प्रतिव्यक्ति २ लाख ५ हजार नेपाली रुपैयाँ तिरेको बताएको भारतीय पत्रिका टाइम्स अफ इन्डियाले लेखेको छ । पक्राउ परेकामध्ये २ जनाले नक्कली कागजात प्रयोग गरेर भारतीय राहदानीसमेत लिएको बताइएको छ ।

गत मे २६ तारिकमा कतारको दोहा र यूएई यात्रा गर्ने क्रममा रामएकबल महतो, धनुक मोहम्मद, समीम आलम, राकी यादव, मोहम्मद हारुन मनिहार, मोबिन मुसलमान र जोगिन्द्र यादवलाई भारतीय अध्यागमन अधिकारीहरूले पक्राउ गरेका थिए । त्यसको ३ दिनपछि जोगिन्द्र विष्णु दास, अनिशकुमार सिजे दास, सिन्धुकुमार उपेन्द्र झा र झगारु राम सोभैत दास पक्राउ परेका थिए ।

भिजिट भिसा लिएका केहीले त्यहाँ कामको लागि जान खोजेको बताएका थिए । भारतीय अध्यागमन अधिकारी राधा मोरेले पक्राउ परेका नेपाली कामदारको भनाइ उद्धृत गर्दै नेपालमा रहेका उनीहरूका एजेन्टको सल्लाहमा बिहारको पटनाबाट मुम्बईका लागि उडान लिएको खुलासा भएको बताइन् ।

उनीहरूसँग दिल्लीस्थित नेपाली दूतावासबाट जारी भएको वैदेशिक रोजगार अनुमतिपत्र पनि भेटिएको थियो । सहार प्रहरीको अनुसन्धानले खाडी देशहरूमा जान चाहने १० जना नेपाली नागरिकहरूले बिहार-नेपाल सीमामा रहेका ७ जिल्ला प्रयोग गरेर ६०१ किलोमिटर यात्रा गरी अवैधरूपमा भारत प्रवेश गरेको पत्ता लगाएको समाचारमा उल्लेख छ। पक्राउ परेका पृष्ठ २ मा

# राजावादीमा भाँडभैलो



> केही साथीहरूले आफ्नो विमति राखेका हुन् । यसबाट राजावादी समूह विभाजित भएको भन्न मिल्दैन
>
> **देवेन्द्र प्रधान**
> केन्द्रीय सदस्य, राप्रपा

**शिव अधिकारी यदुवंशी/मध्यान्ह**
काठमाडौं, २१ जेठ ।

राजसंस्था र हिन्दू राज्य पुन:स्थापनाको माग गर्दै आन्दोलनरत संयुक्त जनआन्दोलन परिचालन समितिको बैठक भाँडिएको छ ।

काठमाडौंको एक पार्टी प्यालेसमा बुधबार बोलाइएको समीक्षा तथा आन्दोलनको नयाँ रूपरेखाका कार्यक्रम तय गर्ने भनिएको बैठक युवाहरूले होहल्ला गरेपछि भाँडिएको हो ।

दोस्रो चरणको आन्दोलनको घोषणा गर्न बसेको बैठक राजावादी समर्थकबीचको विवादले आगामी आन्दोलन भने अन्योलमा परेको छ ।

नवराज सुवेदी नेतृत्वमा रहेको समितिले दोस्रो चरणको रणनीतिक आन्दोलन गर्न बैठक बोलाएको थियो । बैठकामा संयोजक सुवेदीसहित राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का अध्यक्ष कमल थापासहितका नेताहरू सहभागी थिए ।

तर बैठकमा सहभागी युवाहरूले राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालका अध्यक्ष राजेन्द्र लिङ्देन अनुपस्थित भएपछि युवाहरूले उनको दोहारो भूमिका रहेको भन्दै होहल्ला गरेका थिए ।

बैठकमा सहभागी एक नेताका अनुसार पहिलो चरणको बैठकको समीक्षा गरी दोस्रो चरणको आन्दोलनको घोषणा गर्नुपर्ने कार्यक्रम थियो । बैठक सुरु हुने बित्तिकै लिङ्देन संसद्मा व्यस्त रहेको भन्दै युवाहरू आक्रोशित बनेका थिए ।

'संसद् नै चाहिएको भए किन राजतन्त्रको समर्थनमा पृष्ठ २ मा

## छुट्टै भेला

लिङदेनले दोहोरो भूमिका देखाएको भन्दै युवाहरूले छुट्टै बैठक गरेका छन् । उनीहरूले संसद र आन्दोलनमा एकैपटक उपस्थिति हुन नसक्ने भन्दै अलगै छलफल गरेका हुन् । एक युवाले भने।, एक नेताको दोहोरो भूमिका देदिएको छ । राजा ल्याउन सडकमा आउने अनि गणतन्त्रवादीसँग 'कफी डेट'मा जाने पनि हुन्छ ।'

युवाहरूले छुट्टै बैठक गरेपनि राजावादी समूह विभाजित भएको नमिल्ने संयोजक सुवेदी पक्षधरहरू बताउँछन् ।

राप्रपा केन्द्रीय सदस्य देवेन्द्र प्रधानले केही साथीहरूले आफ्नो विमति राखेको बताउँदै यसबाट राजावादी समूह विभाजित भएको नमिल्ने स्पष्ट पारे । 'उनीहरूको असन्तुष्टि जायज हो । यसलाई विभाजित भएको भन्न मिल्दैन,' सदस्य प्रधानले भने, 'बैठकमा नोकझोकलाई ठूलो विषय मानुपर्ने केही कारण छैन, हामी मिलेर नै जान्छौं ।'

## मन पनि मिलेन

राजा फर्काउने उद्देश्यका साथ मोर्चा बने पनि यसभित्र समयसमयमा असन्तुष्टि पनि देखिदै गएको छ ।

सबै राजावादी समूहलाई एकजुट गर्ने उद्देश्यसहित पूर्वपञ्च सुवेदीको नेतृत्वमा 'राजसंस्था पुनर्स्थापनाका लागि संयुक्त जनआन्दोलन समिति' बनेपनि सर्वस्वीकार्य हुन सकेको छैन । विशेषगरी २ राजावादी नेताहरू थापा र लिङ्देन समिति मातहतको निर्देशक समितिमा बस्न अस्वीकार गरेका थिए । उक्त समितिप्रति लिङ्देन पक्ष सुरुदेखि नै असन्तुष्ट थिए । समिति घोषणा भएको लगतै उनी समितिमा नरहेको बताएका थिए । तर लिङ्देन मनभारी लिएर सुवेदीको नेतृत्व स्वीकार गरेका छन् ।

आफूलाई पूर्वराजासँग नजिक बन्ने होडबाजीले समेत राजावादी समूहबीच फाटो देखिएको छ । 'आफूलाई पूर्वराजाको पृष्ठ २ मा

# अल्बानिया र कोरिया पठाउने भन्दै ठग्ने २ पक्राउ

**काठमाडौं/मस–** वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी अल्बानिया र दक्षिण कोरिया पठाइदिने भन्दै १३ लाख ठगी गरेको अभियोगमा प्रहरीले २ जनालाई पक्राउ गरी सार्वजनिक गरेको छ ।

पक्राउ पर्नेमा काठमाडौं महानगरपालिका-२८ बस्ने ४६ वर्षीय प्रविनकुमार शाह र रोल्पाको त्रिवेणी गाउँपालिका-४ घर भइ हाल काठमाडौं महानगरपालिका-११ बस्ने ३२ वर्षीया प्रतिज्ञा बुढामगर रहेको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका सूचना अधिकारी एवं प्रहरी उपरीक्षक काजीकुमार आचार्यले जानकारी दिए ।

पक्राउ परेकामध्ये प्रविनले अल्बानिया पठाइदिने भन्दै र ८ लाख १८ हजार र प्रतिज्ञाले दक्षिण कोरिया पठाउने भन्दै ५ लाख लिइ सम्पर्कविहीन भएको भन्ने पीडितहरूको उजुरीका आधारमा पक्राउ गरिएको उनले बताएका छन् ।

काठमाडौंका विभिन्न ठाउँबाट उनीहरूलाई पक्राउ गरी थप आवश्यक अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहचल पठाइएको पनि सूचना अधिकारी आचार्यले बताए ।

# जुनसुकै बेला जेसुकै हुन सक्छ, तयार भएर बस्नुहोस् : गृहमन्त्री

**काठमाडौं/मस–** गृहमन्त्री रमेश लेखकले विपद्को जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा जुनसुकै बेला जेसुकै हुन्छ भन्ने मानसिकतामा रहन नेपाल प्रहरीलाई निर्देशन दिएका छन् । सामाखुसीस्थित नेपाल प्रहरीको विपद् व्यवस्थापन कार्यालयको निरीक्षणका क्रममा गृहमन्त्री लेखकले यस्तो निर्देशन दिएका हुन् ।

'जुनसुकै बेला जेसुकै हुन सक्छ । त्यो मानसिकताका साथ बस्नुपर्छ । मनसुनजन्य विपद्को पूर्वानुमान हुन्छ । तर, भूकम्प र आगलागीको पूर्वानुमान हुँदैन,' उनले भने, 'हामी मनसुनको पूर्वसन्ध्यामा छौं । मनसुन सक्रिय भएपछि बाढी र पहिरो आउँछ । त्यसको पूर्वतयारीमा हामी तयार रहनुपर्छ ।' विपद्को व्यवस्थापन पनि नेपालको जिम्मेवारी दिएको भन्दै चौबिसै घण्टा तयार रहन गृहमन्त्री लेखकले निर्देशन दिए ।

'विपद्को जोखिम न्यूनीकरण र व्यवस्थापन नेपाल प्रहरीको जिम्मेवारी हो भनेर कानुनमै उल्लेख छ । नेपाल प्रहरीको उपस्थिति नागरिक तहमा विशाल छ । मानिसमा प्रहरीप्रति आशा र भरोसा बढ्दो छ । विपद्मा मानिसले सबैभन्दा पहिलो प्रहरी नै खोज्छ । हामीले जनताको भावनालाई सेवाको भावले सम्बोधन गर्नुपर्छ,' उनले भने ।



अहिले बाढी, पहिरो र डुबानको जोखिम न्यूनीकरण र व्यवस्थापनको तयारी अवस्थामा रहनुपर्ने उनको भनाइ थियो । 'मनसुनजन्य विपद्का लागि आजदेखि तयार हुनुपर्‍यो । समयमै पूर्वसूचना गराउन र उद्धारका लागि तयार अवस्थामा बस्न जरूरी छ । जेठ २८ गतेदेखि मनसुन सक्रिय हुने अनुमान छ,' उनले भने ।

यसपटक पहिलेकोभन्दा नेपाल प्रहरीको बजेट बढेको भन्दै तलब, पोशाक, महँगी भत्तामा कुनै समस्या नहुने उनको भनाइ थियो । यस्तै नेपाल प्रहरीको ऐन संशोधनका लागि संघीय संसद्को राज्यव्यवस्था तथा सुशासन समितिमा चाँडै छलफल सुरु हुने गृहमन्त्री लेखकले बताए ।

## युद्धकालीन...

पूर्णिमाया लामा बाहेक कनकमणि दीक्षित र सुशील प्याकुरेलले समेतले रिट दायर गरेका थिए ।

सर्वोच्च अदालतको आदेशसँगै यो मुद्दा सत्य निरूपण तथा मेलमिलाप आयोग बाहिरबाट समेत टुंगिन सक्ने अवस्था बनेको कानुन व्यावसायीहरू बताउँछन् । काभ्रे प्रहरीले अनुसन्धान गरेर यो मुद्दा सत्यनिरूपण तथा मेलमिलाप आयोग पठाउन सक्ने अवस्था पनि कायमै रहेको छ ।

## उत्सव...

थियो । जितको खुसीयाली मनाउन उत्सव मनाउन रंगशालामा हजारौं समर्थक जम्मा भएका थिए ।

कर्नाटकका उपमुख्यमन्त्री डीके शिवकुमारले सबैलाई धैर्य र संयम अपनाउन अनुरोध गरेका छन् । सामाजिक सञ्जालमार्फत उनले मानिसको ज्यान नै जानेगरी भएको घटनाले मर्माहत बनाएको उल्लेख गरेका छन् । उपमुख्यमन्त्री शिवकुमारले लेखेका छन्, 'आरसीबीको जितप्रति गर्व छ । तर, कुनै पनि जित कसैको जिन्दगीभन्दा ठूलो हुन सक्दैन ।' उपमुख्यमन्त्री शिवकुमारले सुरक्षामा विशेष ध्यान दिन समेत आग्रह गरेका छन् ।

## कतार...

नेपालीहरू बिहारको पश्चिम चम्पारण, पूर्वी चम्पारण, सीतामढी, मधुबनी, सुपौल, अररिया र किशनगंज जिल्लाहरूबाट भारत प्रवेश गरेका थिए ।

एक अनुसन्धान अधिकारीले नेपाली नागरिकलाई भारत प्रवेशका लागि वैधानिक र सरल बाटो हुँदाहुँदै उनीहरू किन ७ जिल्ला पुगे भनेर छानबिन भइरहेको बताएका छन् । भारतीय प्रहरीले नेपाली एजेन्टहरू र उनीहरूका भारतीय सहयोगीहरूलाई खोजिरहेको पनि समाचारमा उल्लेख छ ।

पक्राउ परेकाहरूका सम्बन्धमा भारतीय अधिकारीहरूले नेपाली दूतावास नयाँदिल्लीमा सम्पर्क गरेको, तर उनीहरूको कुनै तथ्यांक नभएको पत्ता लागेको पनि समाचारमा उल्लेख छ । अध्यागमन अधिकारी अजय म्हात्रेले धानुकको कागजातमा अनियमितता पत्ता लगाएपछि अवैध नेपाली नागरिकहरूको पहिलो टोली पक्राउ परेको बताएका छन् । भारतीय प्रहरीले शाकिर यादव र अहमद नामका दुई व्यक्तिलाई झुटा कागजात खरिद बिक्रीमा संलग्न भएको र विगतमा उनीहरूले यस्तै तरिकाले अरूलाई पनि सहयोग गरेका थिए कि थिएनन् भन्ने बारेमा अनुसन्धान गरिरहेको पनि समाचारमा उल्लेख छ ।

## राजावादीमा...

आन्दोलन गर्नुपर्‍यो ?' भन्दै युवाहरूले लिङदेनप्रति आक्रोश व्यक्ति गरेका थिए । युवाहरूले होहल्ला गरेपछि बैठक नै प्रभावित भएको थियो ।

होहल्लाकैबीच कोल्न सुरु गरेका अध्यक्ष थापा बोल्नै पाएन । थापाले बैठक सामसुम पार्न प्रयास गरेपनि होहल्ला नरोकिएपनि संयोजक सुवेदीले बैठक स्थगित गरेका थिए ।

## मन...

नजिक देखाउने प्रवृत्तिले राजावादी समूहमा देखिँदै आएको छ । लिङ्देन, दुर्गा प्रसाईं वा अरु जोकोहीले पनि पूर्वराजाको निकट देखाउन चाहेका छन्', राजावादी समूहका एक नेता बताउँछन् ।

उनले भने, 'कसैले आन्दोलनलाई महत्त्वाकांक्षाका साथ हेरेका छन् । कोही आफ्नो अस्तित्व हराउँछ कि भन्ने डरमा पनि होलान् ।' साझा उद्देश्य पूरा गर्नका लागि नि:स्वार्थरूपमा लाग्नुपर्ने भएपनि राजावादी समूहभित्र त्यस्तो त्याग गर्न नेता कोही नरेहेको ती नेताको भनाइ छ ।

**आन्दोलन विकेन्द्रीकरण गरिने**

समितिले जारी आन्दोलनलाई विकेन्द्रित गर्दै जिल्ला जिल्ला केन्द्रित गर्ने भएको छ । समितिले पहिलो चरणको आन्दोलनबाट प्राप्त अनुभवलाई दृष्टिगत गर्दै आन्दोलनको भावी स्वरुप परिमार्जन गरी जिल्ला जिल्ला केन्द्रित गर्न लागेको हो ।

**मोटरसाईकल हराएको सूचना**

मिति २०८२/०१/१६ गते बिहानको अं. ११:३० बजे पछिको समयमा काठमाडौं जिल्ला का.म.न.पा वडा नं.२६ रानिबारी बाँसझ्याङ नजिकै घर बाहिर पार्किङ गरि राखेको बा.प्र. ०२–०५५ प ८३२५ नंम्बरको कालो रातो रङको 220cc पल्सर मोटरसाईकल हराएकोले फेला पार्नुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनुहोला ।

**सवारी धनी** : हुलास फिन सर्भ हायर पर्चज लि.
**ऋणि** : प्रशान्त राना मगर
**च्यासिस नं.**: MD2A13CX5RCH83804
**इन्जीन नं.**: DKXCRH49069
**सम्पर्क** : ९७६३६९५७४

**भरतपुर सेन्ट्रल हस्पिटलको संचालन प्रयोजनार्थ प्रारम्भिक वातावरणीय परिक्षणको प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूनुवाईको सूचना**

प्रकाशित मितिः २०८२/०२/२२

| प्रस्तावकको नाम र ठेगाना | भरतपुर सेन्ट्रल हस्पिटल प्रा. लि., भरतपुर महनगरपालिका वार्ड नं. १०, एयरपोर्ट चोक, चितवन जिल्ला |
|---|---|
| प्रस्तावको विवरण | **स्थान -** भरतपुर महनगरपालिका वार्ड नं. १०, एयरपोर्ट चोक, चितवन जिल्ला<br>**जमिनको विवरण** – स्वमित्वः निजी (भाडा); सिट नं. - भरतपुर ५ (क), कित्ता नं. ६४,६८,७५, २८४४, २६१२, ४८४८ र ६२५१ (क्षेत्रफल – २५५६.६७ वर्ग मिटर)<br>**अस्पतालको मुख्य भवन संख्या** – १, तला संख्या – ७, तलाहरुको क्षेत्रफलः १११९.६७ वर्गमिटर<br>**उपलब्ध हुने सेवाहरुः** नवजात शिशु र वाल रोग सेवा, नाक, कान र घाँटी सेवा लगायत अन्य अंतरंग र बहिरंग सेवा, आकस्मिक सेवा, शल्यक्रिया, दाँत सम्बन्धी सेवा, फिजियोथेरापी सेवा, अल्ट्रासोनोग्राफी, इन्डोस्कोपि, क्लोनोस्कोपी, ब्रोन्कोस्कोपि, इ.सि.जि., सिटि स्क्यान, डिजिटल एक्स रे, ईको कार्डियग्राम, प्रयोगशाला र फार्मेशी |
| प्रभाब पर्न सक्ने न.पा र वार्ड | भरतपुर महनगरपालिका र वार्ड नं. १० |

बागमती प्रदेश- वातावरण संरक्षण ऐन, २०७७ को दफा ३ को उपदफा ४ बमोजिम यस प्रस्तावको कार्यन्वयनको क्रममा सो क्षेत्रको स्थानीय तथा प्रस्तावसँग सरोकार राख्ने सरोकारवालाहरुसंग अन्तरक्रिया गर्न सार्वजनिक सुनुवाई गर्नु पर्ने प्रावधान बमोजिम निम्न लिखित स्थान र समयमा सार्बजनिक सुनुवाई कार्यक्रम हुने भएकाले सम्पूर्ण सरोकारवालाहरुलाई उक्त कार्यक्रममा उपस्थित भई आफ्नो अमुल्य राय तथा सुझाबहरु दिनु हुन अनुरोध गर्दछौं ।

**सार्वजनिक सुनुवाई हुने स्थान, मिति र समय**
स्थानः भरतपुर सेन्ट्रल हस्पिटलको सभाहल
मितिः २०८२/०२/२८ गते, बुधवार; समयः बिहानको ११ बजे

**युएईमा रोजगार**

कम्पनी: Bule Three For Solar Energy Systems Rental Est. — DUBAI,UAE
पूर्व स्वीकृत मितिः २०८२/०२/२१ — चलानी नं.: ६०२३९१३३ — L.T. No.:325197

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 2 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २९७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Scaffolder | 4 | 0 | | 1200 | ४४६४० | | | | | | | |
| 3. | Fabricators | 1 | 0 | | 1200 | ४४६४० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ जेठ २९ गते (12 June 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**OMEGA POWER MINDS PVT.LTD.** Govt. Lic. No. 1178/073/074
Omnagar-9, Sinamangal, Kathmandu, Tel.: 01-4111316. Email:cv.omegapowerminds@gmail.com

**कुबेतमा रोजगार**

कम्पनी : NIJARA CRAFT FURNITURE & JOINERY — शहर: Kuwait
पूर्व स्वीकृत मितिः २०८१/०२/२१ — चलानी नं.: ६०२३९११८ — L.T. No.: 325168

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Finishing Carpenter | 30 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ५३,४८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Furniture Carpenter Supervisor | 5 | 0 | | 180 | ८०,२३३ | | | | | | | |
| 3. | Machine Operator | 5 | 0 | | 200 | ८९,१४८ | | | | | | | |
| 4. | polisher/painter | 10 | 0 | | 120 | ५३,४८८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ जेठ २९ गते (12 June 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**R. B. OVERSEAS PVT. LTD.** Lic No. 772/065/066
Samakhushi, Kathmandu, Tel.: 01- 4971215, 4971043, 9801039446, 9801039447 9802332363, 9802332364 Email : rboverseasnepal@gmail.com

**कतारमा रोजगार**

कम्पनी: ULTRA WASH LAUNDRY — शहर: DOHA
पूर्व स्वीकृत मितिः २०८२/०२/२१ — चलानी नं.: ६०२३९१२३ — L.T. No.: 325141

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaning/Washing Worker | 6 | 0 | स. काममा दक्ष | 1200 | ४४,९८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ जेठ २९ गते (12 June 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**फ्यूचर माईन्डस् प्रा. लि.** श्रम ईजाजत नं. १०२८/०६८/०६९
एयरपोर्ट, सिनामंगल, काठमाडौं, फोन : ४१११०४४, फ्याक्स : ४१११०४४
E-mail : info@futureminds.com.np, futuremindshr@gmail.com, www.futureminds.com.np

**साउदीमा रोजगार**

१. कम्पनी: SAUDI ARABIAN SICIM COMPANY — शहर: Saudi Arabia
पूर्व स्वीकृत मितिः २०८२/०२/२१ — चलानी नं.: ६०२३९१२७ — LT. No.:325223

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading & Unloading Workers | 25 | 0 | स. काममा दक्ष | 1000 | ३६,४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२ कम्पनी: Seen Contracting Company — शहर: Saudi Arabia
पूर्व स्वीकृत मितिः २०८२/०२/२१ — चलानी नं.: ६०२३९१२६ — LT. No.:325222

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Load & Unloading Workers | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Loading & Unloading Workers | 10 | 0 | | 1000 | ३६,४३० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ जेठ २९ गते (12 June 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | क१ नि:शुल्क क२ रु १०,००० |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Nepal HR Solution Pvt. Ltd.** श्रम इजाजत पत्र नं.: १०८२/०७३/०७४
Sinamangal-09, Kathmandu, Nepal, Tel.: 01-4593554, Email :- snepalhr@gmail.com

**साउदीमा रोजगार**

कम्पनी: Squichy Burger Est. — शहर: Riyadh
पूर्व स्वीकृत मितिः २०८२/०२/२१ — चलानी नं.: ६०२३९१२४ — LT. No.: 325243

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५४,६४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Fast Food Crew | 1 | 0 | | 1300 | ४७,३५९ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ जेठ २९ गते (12 June 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**PROFESSIONAL RECRUITERS GROUP**
Kathmandu-3 Nepal, Contact No: 01-4975466, 9851012541
Email : www.prgnepal.com/info@prgnepal.com

**बेथानचोक गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
ढुंखर्क, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

**आन्तरिक आय संकलन सम्बन्धी शिलबन्दी बोलपत्र आव्हानको सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति २०८२/०२/२२**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ उपदफा २(घ)६, दफा ६२ क, बेथानचोक गाउँपालिकाको आर्थिक ऐन २०८१ मा तोकिएको दररेट बमोजिम यस गाउँ कार्यपालिका बाट आ.व. २०८२/०८३ (२०८२ श्रावण १ गते देखि २०८३ आषाढ मसान्त सम्मको) लागि देहाय बमोजिमको आन्तरिक आय सम्वन्धी ठेक्का **E-Bidding** मार्फत बन्दोवस्त गर्नु पर्ने भएकाले गाउँपालिकाले तोकिएको दर रेटमा स्विकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन **(IEE)** बमोजिम अनुमती स्वीकृती प्राप्त खानी क्षेत्रहरुबाट रोडा, ढुंगा, ग्रावेल र माटो विक्रि एवं श्रोत उपयोग कर संकलनको ठेक्का लिन ईच्छुक व्यक्ति/फर्म वा कम्पनीहरुबाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी निम्नानुसारको विषय क्षेत्र भित्र **Electronic Bid Submission** मार्फत शिलबन्दी बोलपत्र आह्वानको लागि सूचना प्रकाशित गरिएको छ । रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका शिलबन्दी बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

| क्र.सं. | आन्तरिक आय ठेक्का संकेत | ठेक्काको विषय क्षेत्र | तोकिएको अवधिको लागि कायम न्यूनतम अंक (मू.अ.कर बाहेक) | बोलपत्र फाराम दस्तुर | धरौटी/जमानत रकम | स्वीकृत दर रेट: माल बस्तुको नाम | स्वीकृत दर रेट: इकाई | स्वीकृत दर रेट: करको दर रु (मु.अ.कर.बाहेक) |
|---|---|---|---|---|---|---|---|---|
| १ | BRM/IR/01/082/83 | बेथानचोक गाउँपालिका क्षेत्र भित्रका खानी उत्खनन् तथा उत्पादन हुने (ढुंगा, रोडा, गिट्टि, ग्राभेल, बेस, माटो, चिप्स, डस्ट आदी) को बिक्रि/श्रोत उपयोग शुल्क | १३,०२,९०,९६२।०० | १०,०००।०० | मु.अ.कर सहित कबोल अंकको ५ प्रतिशत | रोडा | प्रति घन फिट | रु ९।०० |
| | | | | | | स्लेट | प्रति वर्ग फिट | रु ९।०० |
| | | | | | | ढुंगा, ग्राभेल, चिप्स, बेस लगायत अन्य सोहि प्रकृतीका सामान | प्रति घन फिट | रु ९।०० |
| | | | | | | माटो, डस्ट लगायत सोहि प्रकृतिका अन्य | प्रति घन फिट | रु ३।५० |

**ठेक्का सम्बन्धी शर्तहरु :**

१. माथि उल्लेखित विषयको लागि बोलपत्र फाराम भरि Electronic Bid Submission मार्फत बुझाउनु पर्नेछ ।
२. बोलपत्र फाराम खरिदको लागि अद्यावधिक फर्म दर्ता एवं अद्यावधिक फर्म नविकरण प्रमाणपत्रको प्रतिलिपी, मु.अ.कर दर्ताको प्रमाणपत्रको प्रतिलिपी, आ.व. २०८०/०८१ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी, बेथानचोक गाउँपालिकाको नाममा ग्लोबल आइएमई बैंक बेथानचोक शाखाको आन्तरिक राजश्व खाता नं. **१२२०४०१००००००५**, राजश्व **शीर्षक नं. १४२२९** मा रकम जम्मा गरेको भौचर संलग्न गरि PPMO को बेवसाईट www.bolpatra.gov.np/egp बाट Bid Document खरिद गरि मिति २०८२/०३/२२ गते दिनको १२:०० बजे सम्म E-bidding मार्फत पेश गर्न सकिनेछ ।
३. खरिद गरिएका बोलपत्र फाराम रितपूर्वक भरी मिति : २०८२।०३।२२ को १२:०० बजे भित्र PPMO को बेवसाईट www.bolpatra.gov.np/egp बाट Bid Document खरिद गरि मिति २०८२/०३/२२ गते दिनको १२:०० बजे सम्म E-bidding मार्फत दर्ता गर्नु पर्नेछ । दर्ता हुन आएका बोलपत्रहरु मिति २०८२/०३/२२ गते दिनको १:०० बजे पछि यस कार्यालयमा उपस्थित बोलपत्र दाताहरु वा निजको अधिकार प्राप्त प्रतिनिधीहरु र कार्यालय प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएता पनि बेलपत्र खोल्न कुनै वाधा पर्ने छैन ।
४. बोलपत्र पेश गर्दा आफूले कबोल गरेको मु.अ.कर सहितको रकमको ५ प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको **ग्लोवल आई एम.ई बैंक, ढुंखर्क शाखा, काभ्रेपलाञ्चोकमा** रहेको धरौटी खाता नं. **१२२०१०१००००००२०** मा जम्मा गरेको सक्कलै बैंक भौचर वा बोलपत्र दर्ता गर्ने अन्तिम मितिबाट कम्तिमा १८० (एक सय असी) दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको पक्षमा जारी भएको सक्कलै बैंक जमानी पत्र (Bank Bid Bond) अनिवार्य रुपमा समावेश गर्नु पर्नेछ ।
५. बोलपत्र भर्दा आफूले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट लेखी पेश गर्नु पर्नेछ । अंक र अक्षरमा लेखिएको रकम फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ ।
६. बोलपत्र स्वीकृत सम्वन्धी जानकारी प्राप्त भएको मितिले ७ (सात) दिन भित्र कबोल अंकको २५ प्रतिशत रकम (मु.अ.कर समेत) रकम बैक दाखिला गरि तथा बाँकी रकमको कार्य सम्पादन जमानतपत्र सहित सम्झौता गर्न आउनु पर्नेछ ।
७. ठेकेदारले सम्झौतामा तोकिएको विषय क्षेत्रमा बोलपत्र फाराम साथ संलग्न दर रेट बमोजिम मात्र कर तथा सेवा शुल्क असुल गर्न पाउनेछ । कर तथा सेवा शुल्कको दररेट बोलपत्र फाराम साथ उपलब्ध गराईनेछ । साथै रकम संकलन केन्द्रमा शुल्क तथा दस्तुरको दर रेट सहितको सूचनाको साईनबोर्ड राख्नु पर्नेछ ।
८. यस सूचनामा उल्लेख भए बमोजिम नेपाल सरकार/दातृ निकायद्वारा सञ्चालन हुने विकास आयोजनाहरुको लागी प्रयोग हुने निर्माणजन्य सामाग्रीको विक्रीको हकमा सम्बन्धित आयोजना (स्वीकृत IEE को परिधि भित्र रही) ले प्रयोग गरेको परिमाणको आधारमा बेथानचोक गाउँपालिकाले सम्वन्धित आयोजनाबाट विक्रि मूल्य असुल गर्नेछ ।
९. स्वीकृत ठेक्काको ठेक्का किस्ता मु.अ.कर सहित देहाय बमोजिम भुक्तानी गर्नुपर्नेछ ।

| क्र.सं. | किस्ता | किस्ता बुझाउने समय | क्र.सं. | किस्ता | किस्ता बुझाउने समय | किस्ता बापतको रकम |
|---|---|---|---|---|---|---|
| १ | प्रथम | सम्झौताका वखत | ३ | तेस्रो | फागुन मसान्त सम्ममा | सम्पूर्ण किस्ताको भार समान कवोल रकमको २५ प्रतिशत |
| २ | दोस्रो | कात्तिक मसान्त सम्ममा | ४ | अन्तिम | जेष्ठ मसान्त सम्ममा | |

१०. तोकिएको अवधि भित्र किस्ता रकम प्राप्त हुन नआएमा सम्झौता गर्दा कार्यालयको नाममा जारी भएको बैंक कार्यसम्पादन जमानतबाट सम्झौता बमोजिमको रकम असुल उपर गरिनेछ । सो सम्बन्धमा ठेक्का लिने पक्षको कुनै उजुर बाजुर लाग्ने छैन ।
११. ठेकेदार र कार्यालय बीचमा ठेक्का सम्वन्धी कुनै किसिमको झै-झमेला पर्न आएमा सो को समाधान गर्न बेथानचोक गाउँपालिकाले निर्णय गर्नेछ ।
१२. सेवा शुल्क तथा कर उठाउने सम्पूर्ण दायित्व ठेकेदारको हुनेछ । त्यसमा कार्यालयले कुनै जिम्मेवारी वहन गर्ने छैन । साथै, प्रचलित कानून बमोजिम तिर्नुपर्ने सम्पूर्ण करहरु ठेकेदार स्वयंले बुझाउनु पर्नेछ । मुल्य अभिबृद्धि कर बापतको रकम किस्ता रकम संगै यस कार्यालयमा बुझाउनु पर्नेछ ।
१३. अनुगमन समितिले अनुगमन गर्दा कानून र मापदण्ड बमोजिम नपाईएमा प्रचलित कानून बमोजिम कार्वाही हुनेछ ।
१४. जुन आर्थिक वर्षको लागि ठेक्का सम्झौता भएको हो सोही आर्थिक वर्ष भित्र उक्त ठेकेदारले संकलन गरेका ढुंगा, गिट्टी, बालुवा, ग्राभेल, माटो सो क्षेत्रबाट उठाई सक्नु पर्नेछ ।
१५. ढुंगा, गिट्टी, बालुवा ग्राभेल लैजाँदा Covering (छोपी) गरेर मात्र ढुवानी गर्नु गराउनु पर्नेछ ।
१६. प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
१७. नेपाल सरकारबाट जारी ढुंगा गिट्टी तथा बालुवा उत्खनन तथा विक्री व्यवस्थापन सम्वन्धी मापदण्ड, २०७७ र ढुङ्गा गिट्टी, बालुवा उत्खनन, बिक्रि तथा व्यवस्थापन सम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०७९ मा भएको व्यवस्थालाई पूर्ण रुपमा पालना गर्नु गराउनु पर्नेछ ।
१८. यसमा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

# बजेटसँग सम्बन्धित विभिन्न ऐन मन्त्रिपरिषद्बाट पारित



**काठमाडौं/मस-** सरकारले पछिल्लो पटक आगामी आर्थिक वर्षको बजेट र सोसँग सम्बन्धित विभिन्न ऐन एवं अन्य कानुन पारित गरेको छ। यही जेठ १५ र १९ गते बसेको मन्त्रिपरिषद्को निर्णय सार्वजनिक गर्दै सरकारका प्रवक्ता पृथ्वीसुब्बा गुरुङले बजेटसँग सम्बन्धित कानुनहरू पारित गरिएको जानकारी दिए।

उनका अनुसार सरकारको आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्यसहितको राजस्व र व्ययको अनुमान संघीय संसद् समक्ष पेश गर्न स्वीकृति प्रदान गर्ने जेठ १५ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णय रहेको थियो। सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री गुरुङका अनुसार आर्थिक वर्ष २०८२/८३ को सेवा र कार्यको लागि संघीय सञ्चित कोषबाट केही रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, राष्ट्र ऋण उठाउने अधिकारको व्यवस्था गर्न बनेको विधेयक, आर्थिक वर्ष २०८२/८३ को लागि नेपाल सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक संघीय संसद्समक्ष पेश गर्न स्वीकृति प्रदान गर्ने निर्णय भएको थियो।

त्यस्तै, सामयिक कर असुल ऐन, २०१२ को दफा ३ बमोजिमको सूचीत आदेश जारी गर्ने र सोको सूचना नेपाल राजपत्रमा अतिरिक्तांक गरी प्रकाशन गर्ने, भन्सार महसुल ऐन, २०८१ को दफा १३ को उपदफा (३) बमोजिमको सूचना जारी गर्ने र सोको सूचना नेपाल राजपत्रमा अतिरिक्तांक गरी प्रकाशन गर्ने पनि मन्त्रिपरिषद्को बैठकले निर्णय गरेको मन्त्री गुरुङले बताए।

साथै, मूल्य अभिवृद्धि कर (सत्ताइसौँ संशोधन) नियमावली, २०८२, अन्तः शुल्क (सत्ताइसौँ संशोधन) नियमावली, २०८२, आयकर (सोह्रौँ संशोधन) नियमावली, २०८२, भन्सार (सोह्रौँ संशोधन) नियमावली, २०८२, भन्सार महसुल (पहिलो संशोधन) नियमावली २०८२ र मदिरा (चौथो संशोधन) नियमहरू २०८२ स्वीकृत गर्ने र सोको सूचना नेपाल राजपत्रमा अतिरिक्तांक गरी प्रकाशन गर्ने, नेपाल प्रहरीको रिक्त प्रहरी अतिरिक्त महानिरीक्षक पदमा प्रहरी नायव महानिरीक्षक सिद्धि बिक्रम शाहलाई बढुवा गर्ने, सडक सुरक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तर्जुमाको लागि सिद्धान्त स्वीकृत गर्ने, हुलाक सेवासम्बन्धी विधेयक तर्जुमाको लागि सिद्धान्त स्वीकृत गर्ने, गोरखापत्र संस्थानसम्बन्धी विधेयक तर्जुमाको लागि सिद्धान्त स्वीकृत गर्ने र राष्ट्रिय समाचार समिति (रासस) सम्बन्धी विधेयक तर्जुमाको लागि सिद्धान्त स्वीकृत गर्ने मन्त्रिपरिषद्को निर्णय छ।

त्यस्तै मन्त्री गुरुङका अनुसार १९ गते बसेको मन्त्रिपरिषद् बैठकबाट आगामी असार ३ गते अष्ट्रियाको भियनामा आयोजना हुने ओपेक विकास कोष फोरममा अर्थ मन्त्रालयका सचिवलाई सहभागी हुन स्वीकृति दिइएको छ।

त्यसैगरी थाइल्याण्डको राजधानी बैंककमा आगामी असार ४ गतेदेखि ६ गतेसम्म आयोजना हुने 'हेन्ड इन हेन्ड इन्भेस्टमेन्ट डाइलग फर एसिया एन्ड द पेसिफिक' विषयक कार्यक्रममा कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीलाई सहभागी हुन स्वीकृति दिने, नेपाली सेनातर्फ एकजना प्रमुख सेनानीको महासेनानी दर्जामा बढुवा गर्ने, दशजना महासेनानीहरूको सरुवा गर्ने र एकजना महासेनानीको राजीनामा स्वीकृत गर्ने, आगामी असार २ गतेदेखि ९ गतेसम्म जर्मनीमा आयोजना हुने युनाइटेड नेशन्स क्लाइमेट चेन्ज कन्फ्रेन्स, एसबी ६२ मा सहभागी हुन वन तथा वातावरण मन्त्रालयका सचिवलाई स्वीकृति प्रदान गर्ने निर्णय गरेको थियो।

त्यसैगरी यही जेठ २८ गतेदेखि ३० गतेसम्म जनवादी गणतन्त्र चीनको बेइजिङमा आयोजना हुने बेइजिङ सिबीडी मल्टिनेश्नल इन्टरप्राइजेज कन्फ्रेन्स एन्ड एसियन मेयर्स फोरममा सहभागी हुन ललितपुर महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जनलाई स्वीकृति प्रदान गर्ने सरकारको निर्णय रहेको मन्त्री गुरुङले जानकारी दिए।

# युवाका लागि उद्यमशीलता र रोजगारी सिर्जना सरकारको उच्च प्राथमिकतामा : प्रधानमन्त्री




**काठमाडौं/मस-** प्रधानमन्त्री केपी शर्मा ओलीले स्वदेशमै उद्यमशीलता र रोजगारी सिर्जना गर्ने युवाका साथमा सरकार रहने भएकाले उच्च मनोबल र आत्मविश्वास लिएर काम गर्न आग्रह गरेका छन्।

बागबजारस्थित 'आइडिया स्टुडियो' मा आयोजित 'नवप्रवर्तक युवासँग प्रधानमन्त्री' कार्यक्रममा प्रधानमन्त्री ओलीले आफू पहिलो पटक प्रधानमन्त्री हुँदा शिक्षामा जनशक्ति प्रक्षेपणको नीति तर्जुमाका लागि अध्ययन गराएको स्मरण गर्दै आगामी आर्थिक वर्षको बजेटमा 'जेन्जी' पुस्ता र 'स्टार्टअप' का कार्यक्रमलाई उच्च महत्व दिइएको बताए। 'युवाले हाल जे-जस्तो छ, त्यसैमा सन्तोष मान्नु हुन्न। परिवर्तनका लागि र राम्राका लागि लाग्ने स्वभाव बोक्नुपर्छ। असन्तोष मान्नुपर्छ भन्नुको अर्थ सामाजिक सञ्जालमा मुख छाड्ने प्रवृत्तिहरू पनि ठीक होइन, त्यस्तो गर्नेहरू उल्टै पारिवारिक तनावमा परेका हुन्छन्,' प्रधानमन्त्री ओलीले भने, 'अब युवाले जब खोज्नेतिर होइन, जब सृजना गर्नेतिर लाग्नुपर्छ। उद्यमशीलता, रोजगारी, बजारीकरण र नयाँपनका माध्यमबाट स्वदेशमै अवसर छ भन्ने देखाएर कामकै लागि युवा विदेश जानेक्रम रोक्नुपर्छ।'

प्रधानमन्त्री ओलीले युवाले रचनात्मकतामा निरन्तरता दिनुपर्नेमा जोड दिँदै सुरङमार्ग, जलमार्गजस्ता पूर्वाधार विकासमा भइरहेकाले सरकार र सबै क्षेत्रको शतप्रयासबाट मुलुकको समृद्धि हासिल हुने बताए।

URGENT VACANCY
We are seeking talented and motivated individuals to join our team for various position at kathmandu.
Public Relation Officer / 5 (Male/Female)
•Must have Experience and Strong Network.
Receptionist -1 (Female)
Documentation -1 (Female)
•Must be familiar with DOFE sites and procedures.
•Minimum 3 years of experience in manpower field.
Office Helper-2 (Female)
•Cleaning and cooking.
SALARY Negotiable
Interested candidates can email at workineuro1995@gmail.com
WORKIN EURO PVT .LTD.
Gov Lic No: 1717
Jadibuti-32, Kathmandu. Call Us:+977-1-5922792.

## हरिपुर्वा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### हरिपुर्वा, सर्लाही
### मधेश प्रदेश, नेपाल

## क्याटलग सपिङ्ग विधिबाट एम्बुलेन्स खरिद गर्ने सम्बन्धि सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८२/०२/२१**

यस नगरपालिका अन्तरगत संचालित रहेको नगर अस्पताल, हरिपुर्वामा आवश्यक **एम्बुलेन्स** उपलब्ध गराउन इच्छुक इजाजत प्राप्त उत्पादक कम्पनी वा अधिकृत/आधिकारिक बिक्रेताहरुले कम्पनी/फर्म दर्ता, भ्याट दर्ता, एजेन्सी दर्ता प्रमाणपत्र, Letter Of Authorization, आ.व.०८०/०८१ को मू.अ.कर र आयकर चुक्ताको प्रमाण पत्र लगायतका कागजातहरुको प्रमाणित प्रतिलिपीहरु समावेश गरी उपलब्ध गराउने एम्बुलेन्सको आधिकारिक स्पेसिफिकेशन, मूल्य र सुविधा सहितको गुणस्तर विवरण (क्याटलग वा ब्रोसर) संलग्न राखी शिलबन्दी प्रस्ताव पेश गर्न भनि **मिति २०८२/०२/०९ गते प्रथम पटक सूचना प्रकाशित गरिएकोमा म्याद भित्र पर्याप्त प्रस्तावहरु दर्ता हुन नआएको हुँदा पुन:दोस्रो पटक** यो सूचना प्रकाशित मितिले ७ (सात) दिन (मिति २०८२/०२/२८ गते) भित्र यस कार्यालयको कार्यालय समयमा रितपुर्वक प्रस्ताव दर्ता गराउनुहुन सार्वजनिक खरिद नियमावली २०६४, को नियम ३१ (ख) बमोजिम सम्बन्धित उत्पादका कम्पनी वा आधिकारिक बिक्रेताहरुको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छासाथै उक्त प्रस्ताव ८ (आठौं) दिनको ५:०० बजे यस कार्यालयमा खोलिनेछ। विस्तृत स्पेसिफिकेशन लगायतका थप जानकारीका लागि कार्यालयमा सम्पर्क गर्न सकिने गराईन्छ।

**आवश्यक एम्बुलेन्सको विवरण:-**

| क्र.सं. | एम्बुलेन्सको विवरण | संक्षिप्त विवरण | कैफियत |
|---|---|---|---|
| 1. | 1 Unit of Ambulance, 4 WD Type "Kha" | स्वीकृत स्पेसिफिकेशन यस कार्यालयको वेभसाईट www.haripurwamun.gov.np हेर्न सकिन्छ। | |

**प्रमुख प्रशासकीय अधिकृत**

# नवनिर्मित विद्यालय भवन हस्तान्तरण




**सत्यराज सिंह/मध्यान्ह**
बझाङ, २१ जेठ

बभाङको जयपृथ्वी नगरपालिका-७, सुवेडास्थित सुनिपिपल चौर माध्यामिक विद्यालयको नवनिर्मित चार कोठे दुई तले भवन र तीन कोठे एक तले शौचालय बुधबार एक समारोहबीच विद्यालयलाई हस्तान्तरण गरिएको छ। वर्ल्डभिजन इन्टरनेशनल नेपालको आर्थिक सहयोग, प्रगतिशील युवा समाजको साझेदारी र जयपृथ्वी नगरपालिकाको समन्वयमा निर्माण सम्पन्न गरिएका यी संरचनाहरू भूकम्प प्रतिरोधी, अपांगतामैत्री, छात्रामैत्री र बालमैत्री रहेको प्रगतिशील युवासमाजका कार्यक्रम व्यवस्थापक यज्ञराज जोशीले बताए।

विद्यालय भवनको निर्माणमा कुल रु ७६ लाख ८२ हजार ४ सय १३ रुपैयाँ ५४ पैसा र शौचालय भवन निर्माणमा रु १२ लाख ९४ हजार २ सय ४९ रुपैयाँ ४३ पैसा लागत लागेको जोशीको भनाइ छ। भवन हस्तान्तरण कार्यक्रममा बोल्दै जोशीले 'विद्यालय शिक्षामा उत्थानशीलता प्रवर्द्धन परियोजना' अन्तर्गत विद्यालय भवन र समावेशी तथा गुणस्तरिय शिक्षा परयोजना अर्न्तगत शौचालय भवन निर्माण कार्य सम्पन्न भएको जानकारी दिए। विद्यालयका प्रधानाध्यापक विष्णुभक्त जोशीले २०८० साल असोज १६ गतेको विनाशकारी भूकम्पले विद्यालयका तीन भवनका १५ कक्षाकोठा प्रयोग अयोग्य बनेपछि टहरामा पठनपाठन गरिरहेको कठिन अवस्था सम्झिँदै उनले सहयोगी संस्थाहरूको पहलमा जापानी नागरिक लिलिकोको व्यक्तिगत सहयोगमा निर्माण भएको भवनले विद्यालयलाई ठूलो राहत मिलेको बताए।

विद्यार्थी आयुसा सुवेदीले जीर्ण विद्यालय भवन र शौचालयको प्रयोग गर्नुपर्ने बाध्यता अन्त्य भएकोमा खुशी व्यक्त गरिन्। कार्यक्रममा बोल्दै प्रगतिशील युवा समाजका अध्यक्ष रमेश केसीले विद्यालयलाई हस्तान्तरण गरिएका संरचनाको सदुपयोग, संरक्षण र मर्मत सम्भारमा गम्भीरतापूर्वक ध्यान दिनुपर्नेमा जोड दिए।

वर्ल्डभिजन जापानकी प्रतिनिधि सात्सुकी हिराइले शिक्षक तालिमदेखि गुणस्तरीय शिक्षामा सहयोग गर्दै आइरहेको जानकारी दिँदै विद्यालय परिवारलाई संरचनाको नियमित संरक्षण गर्न आग्रह गरिन्।

कार्यक्रममा बोल्दै जयपृथ्वी नगरपालिकाका मेयर चेतराज बजालले भौतिक संचाना निर्माण गरिदिएको भन्दै संस्थालाई धन्यवाद दिए। साथै उनले स्थानीय सरकार सदैव संघसंस्थासँग हातेमालो गरेर शैक्षिक गुणस्तर वृद्धि गर्नका लागि तत्पर रहने प्रतिबद्धता व्यक्त गरे।

सो अवसरमा सहायक प्रमुख जिल्ला अधिकारी सत्यकुमारी जोशीले शिक्षा विकासका लागि स्थानीय, संघीय र अन्तर्राष्ट्रिय साझेदारी आवश्यक रहेको उल्लेख गर्दै यस किसिमका सहयोगात्मक प्रयासले दुर्गम क्षेत्रका विद्यालयमा सकारात्मक परिवर्तन ल्याउने विश्वास व्यक्त गरिन्।

डिजाईन
तपाईको ब्रान्डको **आवाज** हो।
हाम्रा सेवाहरु
• Company Profile Design
• Social Media Campaigns and Boosting Services
• Paper Advertisements
• Website Design
• Graphics Design
SIMPLE . INNOVATIVE . DEVELOPMENT
ULTRA BYTE
INTERNATIONAL PVT. LTD
Maitidevi, Kathmandu, Nepal
+977 1 4518141, 980 2063954
care@ultrabyteit.com
www.ultrabyteit.com

Urgently Wanted
One of the leading Manpower Company in Kathmandu is seeking for following applicant.
Public Relation Officer (PRO) 5 - Male/Female.
SALARY Negotiable
Requirements:
★ Minimum 2/3 Years of Experienced in Manpower fields.
★ Minimum +2 Passed.
AI Secure Manpower Recruitment P. Ltd.
Panchakumari Temple, Chandrodaya Marg, House No. 151 Sinamangal, Kathmandu, Nepal, P.O Box: 23949
Tel: 01-4592900, 4590800, 4589700, WhatsApp 9709912041 Milan Khadka.
| Email: documentation@smrnepal.com | Website: smrnepal.com

## बर्जु गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### अमाहिवेल्हा, सुनसरी

## बाख्रा खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशन मिति: २०८२/०२/२२**

१. यस गाउँपालिकाको चालु आ.ब. २०८१।८२ को स्वीकृत बार्षिक कार्यक्रम बमोजिम बाख्रापालक कार्यक्रम संचालनको लागि तपसिलमा उल्लेखित कार्य सिलबन्दी दरभाउपत्र मार्फत आपुर्ति गर्नुपर्ने भएकोले इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनी/संस्थाहरुलाई खरिद प्रकृयामा सहभागि हुन यो सूचना प्रकाशित गरिएको छ।

२. यो सुचना प्रकाशित भएको मिति देखि १५ औं दिनसम्म दरभाउपत्र फाराम यस कार्यालयमा सम्बन्धित आपुर्तिकर्ता वा निजको प्रतिनिधिले फर्म, संस्था वा कम्पनी दर्ता प्रमाणपत्र, PAN दर्ता प्रमाणपत्र, आ.व. २०८०/८१ को कर चुक्ता प्रमाणपत्र को फोटोकपी र सम्बन्धित व्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको स्व-घोषणापत्र साथ तपसिलमा उल्लेखित दरभाउपत्र फाराम दस्तुर वापतको रकम (फिर्ता नहुने गरी) यस कार्यालयको नाममा रहेका तल उल्लेखित आन्तरिक राजस्व खातामा दाखिला गरेको सक्कल भौचर साथ निवेदन पेश गरेपछि यस कार्यालयबाट उपलब्ध गराइने छ।

| बैंकको नाम | कार्यालयको नाम | कार्यालयको कोड | कार्यालय खाता नम्बर | खाताको नाम |
|---|---|---|---|---|
| एन आईसी एशिया बैंक लिमिटेड, बर्जु शाखा | बर्जु गाउँपालिका | 801011410 | 2432050027873004 | आन्तरीक राजस्व खाता -बर्जु गाउँपालिका |

३. खरिद गरिएको दरभाउपत्र फारमहरुको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सुचना प्रकाशित भएको मितिदेखि १६ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा आफै वा आधिकारिक प्रतिनिधि उपस्थित भई दरभाउपत्र दर्ता गराउन सकिने छ। दर्ता हुन आएको सिलबन्दी दरभाउपत्र फारमहरु दरभाउपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा १६ औं दिनको २:०० बजे खोलिने छ। तोकिएको समयमा निज वा निजका प्रतिनिधिहरु उपस्थिति नभएमा दरभाउपत्र खोल्न वाधा पर्ने छैन। दरभाउपत्र फारम खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन वा दरभाउपत्र खोल्ने दिन सार्वजनिक विदा परेमा सो लगतै कार्यालय खुलेको दिन क्रमश: सोही समयमा हुनेछ। तर दरभाउपत्र मान्य अवधि र जमानत मान्य अवधि शुरुकै मितिबाट कायम हुनेछ।

४. दरभाउपत्र फाराम साथ जमानत वापतको रकम यस कार्यालयको नाममा रहेको तल उल्लेखित धरौटी खातामा दाखिला गरेको सक्कल भौचर वा मान्यता प्राप्त "क" वर्गको बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको ९० दिन म्याद भएको सक्कलै जमानी पत्र (विड वण्ड) दरभाउपत्र साथ पेश गर्नुपर्ने छ।

| बैंकको नाम | कार्यालयको नाम | कार्यालयको कोड | कार्यालय खाता नम्बर | खाताको नाम |
|---|---|---|---|---|
| एन आईसी एशिया बैंक लिमिटेड, बर्जु शाखा | बर्जु गाउँपालिका | 801011410 | 243CA50017628005 | धरौटी खाता - बर्जु गाउँपालिका |

५. प्राप्त दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ। रित नपुगेका, माग बमोजिमका कागजातहरु संलग्न नभएका, म्याद नाघी आएका, कुनै शर्त राखेको, दस्खत तथा छाप नभएको दरभाउपत्र उपर कुनै कार्यवाही गरिने छैन।

६. यस सुचनामा उल्लेख नभएका विषयमा सावर्जनिक खरिद ऐन, २०६३ (संशोधन सहित) तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) तथा प्रचलित कानून अनुसार हुनेछ।

७. दरभाउपत्र सम्बन्धी थप कुरा बुझ्नु परेमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ। (पशु विकास अधिकृत ९८०८२७०५३८)

**तपसिल**

| ठेक्का नं. | कामको विवरण | ल.ई. रकम | जमानत रकम | फारम दस्तुर |
|---|---|---|---|---|
| BRM/SUNSARI/NCB/SQ/LS/1/81-82 | प्रजन्न योग्य बाख्रा खरिद तथा वितरण | रु.१९,५०,००० | रु. ५०,०००।०० | रु.१०००।०० |

**प्रमुख प्रशासकीय अधिकृत**

मध्यान्ह
www.madhyanhadaily.com
२२ जेठ २०८२ बिहीबार
5 June 2025, Thursday

## सम्पादकीय

# निषेधाज्ञासँगै निरंकुशताको विस्तार

आन्तरिक कलह व्यवस्थापन गर्न नसकेर राजावादी आन्दोलन फेरि शिथिल हुने सम्भावना देखिएको छ। पूर्व राजा ज्ञानेन्द्र शाहको सक्रियतामा राजावादी शक्तिहरू जुट्दा त्यसको असर राजधानी शहरमै देखिएको थियो। गत १५ जेठमा गणतन्त्र पक्षधरलाई झस्काउनेगरी सडक प्रदर्शन हुनुको कारण राजावादीहरू एकताबद्ध हुनु नै थियो। नवराज सुवेदीले नेतृत्व लिएको त्यो आन्दोलनलाई राप्रपा, राप्रपा नेपाल र राष्ट्रिय जनशक्ति पार्टीको समर्थन थियो। राजावादीहरूका अनुसार यी तीन दल सहित ४६ समूहले राजावादी हिन्दूवादी आन्दोलनलाई समर्थन जनाएका छन्। तर यो आन्दोलनमा फेरि मनमुटाव देखिएको छ। अनि उनीहरूको मनमुटावलाई सरकार र गणतन्त्र पक्षधरले अवसरका रूपमा लिएको छ। निषेधाज्ञाको क्षेत्र बिस्तार, धरपकड बढाउने जस्ता निर्णय त्यसैको उदाहरण हो।

राजावादी कस्नेगरी सरकारबाट निर्णय लिइएको भनेर सचेत पंक्तिमा पनि मौनता देखिन्छ। सरकार चाहिँ एकपछि अर्कोगरी संविधान र गणतन्त्रको भावना बिपरीत निर्णय लिइरहेका छन्। पूर्व गृहमन्त्री कमल थापा, प्रतिनिधि सभा सदस्य दीपकबहादुर सिंह लगायतलाई गिरफ्तार गर्दै सरकारले राजधानी उपत्यकामा लगाएको निषेधाज्ञा संवैधानिक सीमा नाघेको पछिल्ला उदाहरण हुन्। अहिले स्थानीय प्रशासनले राजधानीको पुरा रिङरोड (भित्र) लाई निषेधाज्ञा जारी गरिएको छ। रिङरोडका बल्खु, कोटेश्वर र सिफल क्षेत्रमा मात्र राजनीतिक प्रदर्शन गर्न सकिनेगरी पुरा काठमाडौंलाई निषेधित क्षेत्र घोषणा गरिएको छ। तर कतैपनि निषेधाज्ञाको निर्णयप्रति विरोध भएको सुनिदैन।

जबकि संविधानले शान्तिपूर्ण रूपमा सरकारका विरूद्ध आवाज उठाउन नागरिकलाई अधिकार दिएको छ। अझ राजनीतिक दल खोल्न पाउने, सरकारविरूद्ध विरोध तथा प्रदर्शन गर्न पाउने, आवधिक चुनावमा प्रतिनिधि चुन्ने र चुनिने प्रक्रिया लोकतन्त्रको न्यूनतम शर्त हो। तर संविधान संशोधन गरेर राजा र हिन्दू राज्य फर्काउने माग सहित आन्दोलनमा उत्रिएको राजावादीलाई निषेध गर्ने नीति सरकारले लिएको छ। त्यही नीतिका कारण राजधानी शहर लगभग निषेधाज्ञामय बनेको छ। स्थानीय प्रशासनको यो निर्णय फिर्ता नहुने हो भने अबको दुई महिनासम्म निषेधित क्षेत्रमा कुनैपनि विरोध प्रदर्शन जनाउन पाइने छैन। निर्णय नसच्याउने हो भने संभवतः यो दुई महिनाभित्र अरू अप्रिय घटना हुन सक्छ। किनकि सरकारले सुन्नेगरी प्रदर्शन गर्न पाउनु नागरिकको आधारतभूत अधिकार हो। सरकारले नागरिकको अधिकारलाई कस्नेगरी गरिएका निर्णयहरूमा पुनरावलोकन गर्न आवश्यक छ।

# रोजगारीकै पीडामा

*जसरी पनि मान्छे निर्यात गर्ने हाम्रो लोकतन्त्रको उद्देश्य रहेको देखिन्छ र श्रम भिसा बाहेक स्टुडेन्ट भिसामा पनि धेरै नेपालीहरू निर्यात भइरहेको अवस्था छ...*

अग्रलेख



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

देशले नयाँ बजेट पाउँदा पनि स्वदेशी र वैदेशिक रोजगारीको पीडा भने उस्तै छ। राजनीतिकर्मीहरूले यहाँ रोजगारी पाए पनि अरूले रोजगारी पाएको अवस्था छैन। रोजगारी सिर्जना गराउन देशमा उद्योग कलकारखानाहरू खुल्नुपर्छ, खेतबारीमा उत्पादन आय आर्जनका काम वृद्धि हुनुपर्छ, स्वदेशी कच्चा पदार्थ, श्रम र सीप, लगानी अनि विद्युत् यहीँ खपत हुनुपर्छ। तर, देशले यस्तो नीति लिएको छैन, बरु १ वर्षमा ८ लाख बढीलाई विदेश निर्यात गरेर नागरिकलाई बाकसको घाटैमा आयात गर्ने अनि खर्बौं रकम विप्रेषण ल्याउने नीति लिएको छ। अदालतले ढुङ्गा र गिट्टी निर्यातमा रोक लगाउँदा पनि प्रकृति दोहन गर्दै चुरे दोहनबाट व्यापार घाटा कम गर्ने भन्दै प्राकृतिक वस्तु निर्यात गर्ने ढोका यो वर्षको भर्खरैको बजेटले खोलेको छ। लोकतन्त्रको उपहार हो यो। खर्च धान्नै नसकेपछि के गर्ने, भोलिको पुस्ताको भविष्य हेर्नै सकिएन।

विदेशमा रोजगारीका सन्दर्भमा मर्नेहरूको संख्या धेरै छ, घाइते अङ्गभङ्गको संख्या पनि सयौं छ। कार्यस्थलमा सेफ्टी मिजरहरू नहुने, मौसम, वातावरण अनुकूल नहुने, पर्याप्त प्रकाश, सुरक्षातिर पनि ध्यान नहुने वैदेशिक रोजगारीका पीडाहरू सुनाउने गर्छन्, फर्कनेहरू। दैनिक औसत ३/४ वटा बन्दी बाकस पनि आउने गरेका छन्। यता वैदेशिक रोजगारका लागि तय भएको कल्याणकारी कोषको रकम भने कर्मचारी भ्रमण खर्चमा खर्च भएको र तिनले प्रयोग गर्ने सवारी सुविधामा प्रयोग भई कोषको रकम दुरुपयोग हुने गरेको हालै प्रेषित महालेखा परीक्षकको ६२ औं प्रतिवेदनले पनि औंल्याएको छ।

विदेशमा मृत्यु हुनेहरूलाई हृदयाघात भन्दै शव परीक्षण पनि नहुँदै बाकसहरू आउने गरेको देखिन्छ। लास हेर्न पाउनु नै आफन्तको विजय सम्झनु पर्ने अवस्था छ, कति त सुतेकै रुममा मरिरहेका छन्, सडक दुर्घटनामा पर्नेहरूको संख्या पनि त्यस्तै छ। कार्य सञ्चालन खाताबाट १ अर्ब १४ करोड ७ लाख खर्च भएको महालेखाको प्रतिवेदन छ, तर श्रमिकको हक हितमा कति खर्च भयो उत्तरको अवस्था नाजुक छ। अर्थतन्त्र उकासेर यहीँ लगानी बढाएर रोजगारी दिन सक्ने नेतृत्व खोजेका छन् नेपालीहरूले। लगानीयोग्य रकम पनि अधिक नै छ, पैसा धेरै भई तरलता बढेको भन्दै हरेक हप्ता बैंकहरूमा रहेको पैसा राष्ट्र बैंकले खिचिरहेको छ। बचत अधिक भन्दै बैंकहरूले बचत ब्याज हदैसम्म तल झारेका छन्। तैपनि सरकारसँग लगानीको भिजन देखिएन। निजी क्षेत्रहरू उद्यमशीलता, उद्योग धन्दाहरूमा लगानी गरी रोजगारी सिर्जनामा भन्दा राजनीतिको छाता ओढेर व्यापारी बन्दै राजनीतिको छहारी पाएर बस्तु आयात गर्ने, कम लगानीबाटै छिटो धनी बन्ने प्रयास गर्दैछन्। देश हाँक्ने स्थायी सरकार भनिने कर्मचारीलगायत व्यापारीहरू पनि अब राजनीतिबाट टाढा देखिने गरेका छैनन्। व्यापारीहरूले विगत झैं भन्सार बढ्ला भनेर अगाडि नै विद्युतीय गाडीहरूको ओइरो लगाए। भन्सारदर नबढ्दा खिन्न छन्।

जसरी पनि मान्छे निर्यात गर्ने हाम्रो लोकतन्त्रको उद्देश्य रहेको देखिन्छ र श्रम भिसा बाहेक स्टुडेन्ट भिसामा पनि धेरै नेपालीहरू निर्यात भइरहेको अवस्था छ। अहिले अमेरिकाले विद्यार्थी भिसामा रोक लगाएको छ। अध्यागमनका हाकिम नै मानव तस्करीमा



संलग्न भएको आशंकामा छानबिन हुन लाग्दा संसदमा गृहमन्त्रीको राजीनामा माग गरिएको छ र कर्मचारीको केसमा गृहमन्त्रीले राजीनामा गर्नु नपर्ने एमाले प्रधानमन्त्रीको भनाइ छ भने कांग्रेस गृहमन्त्रीको बचाउ गर्दै कांग्रेसका सभापति उनी निर्दोष छन् भनिरहेका छन्। मानौं, दलका मान्छे भएपछि अदालतले भन्नुअघि नै चोख्याउने परम्परा छ।

तर, अमेरिकाले हाम्रा अध्यागमनका कर्मचारीहरूको भिसा खारेजी गर्ने निर्णय सुनाउँदा अन्तर्राष्ट्रिय छवि राम्रै देख्ने हाम्रो नेतृत्व छ। इँटा भट्टामा मान्छे जलाउनेको पक्षमा सधैं उभिइरहने, सार्वजनिक अभिव्यक्ति दिने, सभापतिकै पक्षमा न्याय निसाफ हुँदा न्यामूर्तिहरूले नियुक्तिको गुन तिर्नुपर्ने हाम्रो लोकतन्त्रमा मान्छे मरे पनि न्याय नमरेको भनिँदै छ देशैभरि। पीडकका बाबुले आँखाबाट शोकको आँसु झारे पनि अरूको आँखाबाट हर्षाश्रु झरेकै छ देशमा। अर्थतन्त्र देशमा कछुवाको गतिमा त्यो पनि उल्टो गतिमा रहँदा त्यही अर्थतन्त्र धान्ने राजस्व र ऋणको गति घोडाको शैलीमा अघि बढेको छ।

ज्येष्ठ नागरिक मात्रै होइन सबैलाई १६ अर्बको लगानीमा राष्ट्रिय परिचयपत्र अनिवार्य गर्ने सरकारले वृद्ध भत्ताको उमेर बढाएर मुखैमा आएको भत्ता खोसेर र एकै टोल, छिमेकमा दोहोरो नीति लिएर समता, समाजवाद र समन्यायको अपेक्षा गरेको छ अनि कानुनले तलब बढ्ने समयमा बजेटले तबल नबढाएर २० किलो चामलको पोको २५ सयको उपहार कर्मचारीलाई दिएर सेवा निवृत्तको हकमा तिनलाई देशको भार सम्झेको छ। तलब बढ्दा सुका मोहर तिनको पनि बढ्थ्यो, महँगीलाई नदेखेको सरकारले बजार भाउ भने नियन्त्रण गर्न सकेको छैन। आज अधिकांश उपभोक्ताहरूलाई स्वदेशी होइन, खाद्यान्न समेत आयातित खुवाइरहेको छ।

रकम असुल्न सकिने क्षेत्र सुर्तीजन्य सामानको कर आशातीत बढाउन सकेको छैन र अनुमानित ३७ हजार बढी मान्छे सुर्तीजन्य

> *रोजगारी सिर्जना गराउन देशमा उद्योग कलकारखानाहरू खुल्नुपर्छ, खेतबारीमा उत्पादन आय आर्जनका काम वृद्धि हुनुपर्छ, स्वदेशी कच्चा पदार्थ, श्रम र सीप, लगानी अनि विद्युत् यहीँ खपत हुनुपर्छ। तर, देशले यस्तो नीति लिएको छैन...*

पदार्थको सेवनबाट वार्षिक मृत्युवरण गरिरहेको सन्दर्भलाई बजेटले छोएको छैन। चुरोट, खैनी, मादक पदार्थमा अधिक कर वृद्धि गरेर स्वास्थ्य क्षेत्रलाई राहत दिलाउनु पर्नेमा त्यसो गर्न सकिएको छैन। लोकतन्त्रले कार्यकर्ताहरूलाई रोजगारी दिएको छ, जितेकालाई तलब भत्ता नै, अन्य आय पनि, जित्न नसकेकाहरूलाई पनि कतै राष्ट्रिय सभामा, कतै राजदूतमा, कतै गभर्नरमा र कतै अरू प्रभावशाली पदमा विराजमान गराएकै छ। राजनीतिमा लाग्न नसक्नेहरू वैदेशिक रोजगारी त्यसको पीडा र स्वदेशमा बसेकाहरू बेरोजगार भई बजार धान्न नसकेको पीडामा छन्। भएका उद्योग स्थलहरू राजनीति कर्मीहरूको क्रीडा स्थल बनुन्जेल देशमा हुने यस्तै हो।

## इतिहासमा आज


५ जुन २००९ मा ६५ दिनको नागरिक अवज्ञापछि पेरुको बागुआ नजिकै सुरक्षा बल र आदिवासी समूहबीच भएको झडपमा कम्तिमा ३१ जनाको मृत्यु भएको थियो।



५ जुन २०१७ मा मोन्टेनेग्रो नाटोको २९औं सदस्य बनेको थियो।



५ जुन २०१७ मा ६ अरब देशहरू- बहराइन, इजिप्ट, लिबिया, साउदी अरेबिया, यमन र संयुक्त अरब इमिरेट्सले अरब क्षेत्रलाई अस्थिर बनाएको आरोप लगाउँदै कतारसँग कूटनीतिक सम्बन्ध तोड्ने निर्णय गरेका थिए।



५ जुन २०२२ मा सरकारविरुद्ध हिंसात्मक विरोध र नागरिक अशान्तिपछि काजाकिस्तानमा संवैधानिक जनमत संग्रह आयोजना गरिएको थियो।



## सामाजिक सञ्जाल



**प्रेमकान्त अधिकारी**

उच्चस्तरीय छानबिन आयोग गठन आवश्यक छ, गर्नुपर्छ, तर अध्यागमन सम्बन्धी कानुन तथा नियम अपर्याप्त छ। यथाशीघ्र अन्तर्राष्ट्रिय राष्ट्रिय मान्यताअनुसार विज्ञहरूको राय सुझावअनुसार बनाउनुपर्छ। अहिलेसम्म नबनाउनुको कारण त नियत प्रस्ट हुन्छ, दुहुनु गाई।




**रञ्जित तामाङ**

प्रदेशको अधिकार क्षेत्र कुल्चेर सिन्डिकेटका ठेकेदारहरूसँग संघीय सरकारले सम्झौता गर्छ अनि बहुदल कालको जिविसलाई स्थानीय विकास मन्त्रालयले चिठी पठाए जसरी संघले प्रदेशलाई पत्राचार गर्छ। ख्याल रहोस्, प्रदेश संघको शाखा कार्यालय होइन। यत्ति कुरा बुझाउन पनि प्रादेशिक दलहरू चाहिने रहेछ।



**यादव देवकोटा**

छानी छानी वीरेन्द्रका परिवार मारिए। छानी छानी ज्ञानेन्द्रको परिवार जोगियो। ज्ञानेन्द्र राजा भए। दीपेन्द्र हत्यारा करार गरिए- ज्ञानेन्द्रको छानबिन समितिबाट। सारा सबुतहरू मेटिए। हत्या स्थल भत्काइयो। कपडाहरू जलाइयो। श्रुतिलाई दिइएको दाइजोसमेत खोसियो। भन्नु पो भा छैन- कल्लाई थाहा छैन !



**विष्णुराज उप्रेती**

उपभोक्ताहरूको हितलाई पूर्ण बेवास्ता गर्दै ७ वर्षअघि खारेज भएको सिन्डिकेटको दबाबमा परि राइड शेयरिङलाई स्थगन गर्न सरकार सहमत हुनुले धेरै प्रश्नहरू उब्जेका छन्। यो सवालमा सरकार झुक्नु हुन्नथ्यो। केही दिनमा उनीहरू आफै गाडी चलाउन थाल्थे। यो नचाहिने माग सरकारले पूरा गर्‍यो।

# ज्येष्ठ नागरिकको सुरक्षाको सवाल

विचार



● रूपा अर्याल

> *ज्येष्ठ नागरिकको सुरक्षा केवल वृद्धवृद्धाको सवाल होइन– यो समाजको समग्र चरित्र र सभ्यताको सूचक हो। जसरी कुनै घरको मूल्य त्यहाँका वृद्ध सदस्यहरूको सम्मानबाट मापन गर्न सकिन्छ, त्यस्तै राष्ट्रको प्रतिष्ठा पनि वृद्ध जनसंख्याप्रति देखाइएको व्यवहारबाट आँकलन हुन्छ...*

नेपालजस्तो सामाजिक संरचनाले भरिएको देशमा ज्येष्ठ नागरिकहरूलाई विशेष सम्मान र सुरक्षा दिइनुपर्ने मान्यता रहिआएको छ। तर, व्यवहारमा हेर्दा उनीहरूका लागि आवश्यक सुरक्षाको प्रत्याभूति अझै अधुरो देखिन्छ। भौतिक, आर्थिक, मानसिक र सामाजिक सुरक्षा – यी सबै पक्षमा ज्येष्ठ नागरिकहरू समस्याको घेरामा छन्। उमेरको उत्तरार्धमा पुगेका व्यक्तिहरूको सुरक्षा केवल व्यक्तिगत हैन, राज्य र समाजको सामूहिक जिम्मेवारी पनि हो। तर, हाम्रो राज्य संयन्त्र, कानुनी ढाँचा र सामाजिक चेतनामा अझै पर्याप्त सुधारको खाँचो छ।

हालको अवस्थामा नेपालमा धेरैजसो ज्येष्ठ नागरिकहरू आफ्ना सन्तानहरूसँगै बस्छन्, तर ती सन्तान विदेशमा गएपछि वा आफ्नै पारिवारिक व्यस्तताका कारण उनीहरू एक्लो जीवन बिताउन बाध्य छन्। ग्रामीण भेगमा अझै पनि खेतीपातीको भरमा जीवनयापन गरिरहेका ज्येष्ठ नागरिकहरूलाई न स्वास्थ्य सेवाको पहुँच छ, न पर्याप्त सामाजिक सुरक्षाको लाभ। शहरी क्षेत्रमा बस्नेहरू पनि आफूलाई उपयोगहीन महसुस गर्दै सामाजिक अलगावको सिकार भएका छन्। यसले मानसिक स्वास्थ्यमा गम्भीर असर पारेको छ। समाजको एक समयका अगुवा अहिले उपेक्षाका पात्र बनिरहेका छन्।

नेपाल सरकारले 'ज्येष्ठ नागरिक ऐन, २०६३' र 'ज्येष्ठ नागरिक नीति, २०६५' ल्याएर केही आधार तय गरेको छ। सामाजिक सुरक्षाको नाममा मासिक भत्ता दिने व्यवस्था पनि छ, जुन ७० वर्ष उमेर पुगेपछि प्रदान गरिन्छ (दलित, जनजाति, कर्णाली वा हिमाली क्षेत्रका लागि ६० वर्ष)। तर, यो रकम महँगी र जीवनस्तरको सन्दर्भमा अत्यन्त न्यून छ। अझ पनि धेरै ज्येष्ठ नागरिकहरूलाई यो सुविधा पाउन कागजी झन्झट, प्रशासनिक उपेक्षा र पहुँच अभावका कारण कठिनाइ छ।

स्वास्थ्य सेवा पनि ज्येष्ठ नागरिकहरूको लागि ठूलो चुनौती हो। उमेर बढेसँगै उत्पन्न हुने दीर्घरोग (जस्तै : उच्च रक्तचाप, मधुमेह, अर्थराइटिस आदि)को उपचार नियमित र गुणस्तरीय स्वास्थ्य सेवाको माग गर्छ, जुन सरकारी अस्पतालमा उपलब्ध छैन वा पहुँचमा छैन। निजी अस्पतालमा तिर्न सक्ने क्षमता धेरैका लागि छैन। गाउँका वृद्धवृद्धाले त स-साना रोगका लागि पनि स्वास्थ्य चौकीसम्म पुग्नै सक्दैनन्। यस्तो अवस्थामा स्वास्थ्य बीमा कार्यक्रमले केही राहत दिने अपेक्षा गरिएको थियो, तर कार्यान्वयन कमजोर र अनुगमन झन् कमजोर देखिन्छ।

सामाजिक सुरक्षाको अर्को पक्ष हो– मानसिक स्वास्थ्य र सामाजिक समावेशीकरण। जब वृद्धवृद्धा एक्लो पारिन्छन्, बोल्ने, भोग्ने वा व्यक्त गर्ने माध्यम हुँदैन, तब उनीहरूमा डिप्रेसन, न्यून आत्मसम्मान र निराशाको भावनाले डेरा जमाउँछ। विशेष गरी वृद्धाश्रममा रहेका ज्येष्ठ नागरिकहरूले आफन्तबाट टाढा हुँदा झनै मानसिक पीडा अनुभव गर्छन्। समाजले उनीहरूलाई दायित्वको रूपमा होइन, योगदानकर्ता र अनुभवको भण्डारका रूपमा हेर्न सक्नुपर्छ। उनीहरूलाई विभिन्न सामाजिक, धार्मिक वा सामुदायिक कार्यक्रममा सहभागी गराउने, अभिव्यक्ति दिने प्लेटफर्म दिने कार्यले उनीहरूको आत्मबल बढाउन सहयोग पुग्छ।

ज्येष्ठ नागरिकमाथि हिंसा र दुर्व्यवहार पनि गम्भीर समस्या हो। कतिपय अवस्थामा उनीहरू आफ्नै छोराछोरी वा नातिनातिनीबाट नै मानसिक, शारीरिक वा आर्थिक दुर्व्यवहारको शिकार भइरहेका छन्। कानुनीरूपमा यस्तो व्यवहार दण्डनीय भए पनि अधिकांश घटनाहरू रिपोर्ट हुँदैनन्। यस्ता घटनालाई उजागर गर्ने, पीडितलाई संरक्षण दिने र दोषीलाई कारबाही गर्ने संयन्त्र अझ बलियो बनाउनु आवश्यक छ।

अब के गर्न सकिन्छ ? पहिलो, सामाजिक सुरक्षा भत्तालाई वास्तविक जीवनस्तरअनुसार समायोजन गर्नुपर्छ र यसको वितरण प्रक्रिया पारदर्शी र पहुँचयोग्य बनाउनुपर्छ। दोस्रो, प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्रका ज्येष्ठ नागरिकहरूको विवरण संकलन गरी उनीहरूलाई आवश्यक स्वास्थ्य, आवास, मनोरञ्जन र सामाजिक सहभागिताको व्यवस्था मिलाउनुपर्छ। तेस्रो, प्राथमिक स्वास्थ्य केन्द्रदेखि जिल्ला अस्पतालसम्म ज्येष्ठ नागरिकमैत्री स्वास्थ्य सेवा प्रणाली विकास गर्नुपर्छ – जस्तै : विशेष कक्ष, दीर्घरोग उपचार क्लिनिक, मोबाइल हेल्थ क्याम्प आदि।

चौथो, समुदायस्तरमै 'डे केयर सेन्टर' वा 'वरिष्ठ नागरिक मेलघाट' जस्ता कार्यक्रम विकास गर्न सकिन्छ, जसले उनीहरूलाई सामाजिक सम्पर्कमा राख्न सहयोग गर्छ। पाँचौं, वृद्धाश्रमहरूको गुणस्तर सुधार गरी राज्यको तर्फबाट अनिवार्य निरीक्षणको व्यवस्था गर्नुपर्छ। त्यस्तै, कानुनी चेतना अभिवृद्धि गरी ज्येष्ठ नागरिकमाथि हुने हिंसा विरुद्ध सहज उजुरी प्रणाली बनाइनुपर्छ। शिक्षा र संचारको माध्यमबाट परिवार र समाजमा ज्येष्ठ नागरिकप्रति सम्मान र जिम्मेवारीबोध गराउने संस्कार विकास गर्नु दीर्घकालीन उपाय हो। विद्यालयस्तरमै पुस्तान्तरणको महत्वबारे पढाइने पाठ्यक्रमले भविष्यका नागरिकमा उत्तरदायित्वको भावना विकास गर्न सक्छ।

अन्ततः, ज्येष्ठ नागरिकको सुरक्षा केवल वृद्धवृद्धाको सवाल होइन– यो समाजको समग्र चरित्र र सभ्यताको सूचक हो। जसरी कुनै घरको मूल्य त्यहाँका वृद्ध सदस्यहरूको सम्मानबाट मापन गर्न सकिन्छ, त्यस्तै राष्ट्रको प्रतिष्ठा पनि वृद्ध जनसंख्याप्रति देखाइएको व्यवहारबाट आँकलन हुन्छ। त्यसैले अबको बाटो यो हुनुपर्छ – सम्मान, संरक्षण र समावेशीकरण। यही सूत्रले मात्र हामीले आफ्नो अतीतप्रति कृतज्ञता र भविष्यप्रति उत्तरदायित्व देखाउन सक्छौं।

# यातायात क्षेत्रमा हड्ताल नगर्न सर्वोच्चको अन्तरिम आदेश




**काठमाडौं/मस-**यातायात क्षेत्रमा हडताल नगर्न सर्वोच्च अदालतले अल्पकालीन अन्तरिम आदेश जारी गरेको छ । बुधबार न्यायाधीश नित्यानन्द पाण्डेको एकल इजलासले अल्पकालीन आदेश जारी गरेको हो । साथै अन्तरिम आदेशका लागि दुवै पक्षलाई छलफलमा बोलाएको छ । १९ जेठदेखि नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघले गण्डकी प्रदेश सरकारले ल्याएको राइड सेयरिङ नियमवली विरूद्ध यातायात बन्द गरेर देशव्यापी हड्ताल गरेको थियो । उक्त हड्तालविरुद्ध अधिवक्ता विवेक पोखरेलले सर्वोच्च अदालतमा रिट दायर गरेका थिए । सार्वजनिक यातायात अत्यावश्यक सेवा क्षेत्र भएकाले त्यसमा हड्ताल गर्न नपाइने कानुनी प्रावधान हुँदाहुँदै सेवा बन्द गर्नु संविधान विपरीत रहेको दाबीसहित रिटमा तत्काल सार्वजनिक यातायात सुचारु गर्न अन्तरिम आदेशको माग गरिएको छ ।

जेठ १९ गतेदेखि देशभर सार्वजनिक यातायात ठप्प पारिँदा विद्यार्थी, बिरामी, कर्मचारी, शिक्षकलगायत हजारौं नागरिकको आवतजावतमा गम्भीर असर परेको रिटमा उल्लेख छ ।

संविधानको धारा १७ को उपधारा २ मा प्रत्याभूत आवतजावत, पेसा र रोजगारमा बाधा पुगेको उल्लेख गर्दै यातायातमा भएको हडतालले आम जनताको मौलिक हकमै हस्तक्षेप भएको रिट निवेदनमा भनिएको छ ।

# मधेशका तत्कालीन अर्थमन्त्रीसहितविरुद्ध सर्वोच्चमा मुद्दा



**काठमाडौं/मस-**अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सर्प विष संकलन तथा प्रशोधन केन्द्र स्थापनाका लागि विनियोजित सरकारी रकम दुरुपयोग प्रकरणमा विशेष अदालतको फैसलाविरुद्ध सर्वोच्च अदालतमा पुनरावेदन गरेको छ ।

आयोगले मधेश प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयका तत्कालीन मन्त्री विजय कुमार र सर्लाही जिल्लाको लालबन्दी नगरपालिकाका तत्कालीन नगरप्रमुख मान बहादुर खड्का लगायतलाई प्रतिवादी बनाउँदै भ्रष्टाचार निवारण ऐन, २०५९ अनुसार विशेष अदालतमा मुद्दा दायर गरेको थियो। मधेश प्रदेश सरकारको आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रममा समावेश परियोजनाअनुसार नेपाल सरकार र प्रदेश सरकारको लागत साझेदारीमा सर्प विष संकलन, प्रशोधन तथा उत्पादन केन्द्र निर्माणका लागि सरकारी रकम विनियोजन गरिएको थियो । तर, झलनाथ खनाल स्वास्थ्य विज्ञान प्रतिष्ठान नेपाल नामक गैरसरकारी संस्थारकम्पनीलाई लागत साझेदारी शून्य हुँदा पनि सरकारी रकम उपलब्ध गराइएको पाइएपछि आयोगले यो कार्य प्रचलित कानुनविपरीत भएको ठहर गर्दै मुद्दा दायर गरेको हो ।

आयोगका अनुसार विशेष अदालत, काठमाडौंले २०८१ साल असार २५ गते उक्त मुद्दामा आंशिक सफाइ दिएपछि आयोगले बुधबार सो फैसलाविरुद्ध सर्वोच्च अदालतमा पुनरावेदन गरेको प्रवक्ता राजेन्द्र कुमार पौडेलद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

आयोगले प्रतिवादीहरूमाथि कैद, जरिवाना तथा दुरुपयोग भएको रकम असुल उपर गरिनुपर्ने माग गरेको छ ।

# श्रीराम श्रेष्ठको 'खनियाबास विद्रोह' लोकार्पण

**काठमाडौं/मस-** नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले लेखक एवं साहित्यकार श्रीराम श्रेष्ठद्वारा लिखित पुस्तक 'खनियाबास विद्रोह' लोकार्पण गरेका छन् । बुधबार नेपाली कांग्रेस केन्द्रीय कार्यालयमा आयोजित एक कार्यक्रमका बीच सभापति देउवाले उक्त पुस्तक सार्वजनिक गरेका हुन् ।नेपाली लेखक संघ नुवाकोटद्वारा प्रकाशित 'खनियाबास विद्रोह' तत्कालीन पश्चिम १ नम्बर क्षेत्र र हालको



नुवाकोट जिल्लामा पर्ने खनियाबासमा भएको सत्य घटनाको विषयवस्तु अध्ययन गरेर लेखिएको अनुसन्धानात्मक पुस्तक हो ।

'खनियाबास विद्रोह' श्रेष्ठको २८औं प्रकाशित कृति हो। नुवाकोटको विदुरमा वि.सं २०३१ सालमा जन्मिएका श्रेष्ठको हालसम्म केही नियात्रा संग्रह, जीवनी संग्रह, कविता, समीक्षा, अनुसन्धानात्मक पुस्तकका साथै जापनिज साहित्यका हाइकु, तान्का, कटौता, सेदोका, डोडोइट्सु, मन्डो र कोरियन साहित्यका सिजो जस्ता विधाका अधिक पुस्तकहरू प्रकाशित छन् । श्रेष्ठ नेपाली कांग्रेस नुवाकोट जिल्लाका सचिवसमेत हुन् ।


## औरही गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**औरही सिरहा, मधेश प्रदेश, नेपाल**

### 'लू'बाट बच्न सतर्कता अपनाउन औरही गाउँपालिकाको अनुरोध

#### 'लू'का लक्षणहरू

- बारम्बार प्यास लागिरहनु ।
- अनुहार रातो हुनु, टाउको दुख्नु, दिगमिग हुनु र बान्ता हुनु ।
- अत्याधिक तापक्रमका कारण बेहोस हुनु ।
- नाडीको गति धेरै बढ्नुका कारण बिरामीको शरीरको तापक्रम १०१ देखि १०४ सम्म हुनु ।
- बिरामीमा छटपटी र उदासीनताको भाव देखिनु ।

#### 'लू'बाट बच्ने उपाय

- काँक्रोको सेवन गर्नुपर्छ । गर्मी मौसममा काँक्रो खानाले शरीरले शीतलता प्राप्त गर्दछ। जसबाट एकाएक 'लू'को असर पनि हुँदैन ।
- बेल, आँप, कागतीको सर्बतको सेवन गर्नुपर्छ। गर्मीमा बेल, आँप तथा कागतीको सर्बतले हाम्रो शरीरमा पानीको स्तरलाई कायम गरिराख्छ। जसले निकै हदसम्म लूबाट बचाउन पनि सहयोग पुऱ्याउँछ ।
- गर्मीको मौसममा कहिलेकाहीँ टाउको, खुट्टा तथा हातहरूमा मेहन्दी लगाउनाले पनि लूको असर कम हुन्छ ।
- घाममा खाली पेट निस्कनुहुँदैन, कागतीको सर्बत भए पनि खाएर निस्कनुपर्छ ।

#### 'लू' लागेमा के गर्ने ?

- लूको प्रथम उपचार भनेको शरीरको तापक्रम कम गर्नु हो । 'लू'बाट पीडित व्यक्तिलाई शीतल, स्वच्छ हावा र वातावरण चिसो भएको राम्रो ठाउँमा सुताउनुपर्छ ।
- यदि तपाईंलाई 'लू' लाग्यो भने नजिकको चिकित्सकबाट तुरुन्त प्राथमिक उपचार गराउनुपर्छ, जसका कारण समयमा नै सबै कुराको नियन्त्रण हुन्छ ।
- 'लू' लागेको बिरामीले आफ्नो जीवन रक्षाका लागि घोल (नुन, चिनी, कागती र पानी) समय-समयमा पिइरहनुपर्छ ।
- 'लू' लागेपछि स्पन्जलाई पानीमा भिजाएर बिरामीको निधार, हात, खुट्टामा दल्नुपर्छ । यसका साथै निधारमा बरफको पट्टी राख्नुपर्छ ।
- 'लू' लागेमा पाकेको तित्री (इमली) को गुदीलाई हत्केला र खुट्टाको पैतालामा लगाउनाले 'लू'को असर कम हुन्छ । इमली पानी पिउनाले 'लू'बाट तुरुन्तै राहत प्राप्त हुन्छ ।
- दही र मौसमी फलफुल जस्तै सुन्तला, अंगुर, खरबुजा र मौसमको रस लू ग्रस्त बिरामीलाई पिउन दिनुपर्छ ।
- पुदिनाको सर्बत पिउनाले पनि लूबाट राहत प्राप्त हुन्छ । लूका बिरामीलाई तरल पदार्थ नै पिउन दिनुपर्छ ।
- लू लागेमा प्याजलाई पकाएर त्यसमा जिरा, चिनी र गाईको घिउ मिसाएर बिरामीलाई खानदिनु पर्छ । यसो गर्दा बिरामीलाई धेरै आराम प्राप्त हुन्छ ।



**नेपाल सरकार**
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
**सडक विभाग**
## संघिय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, काठमाडौँ
## सडक डिभिजन चरिकोट

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशन मिति २०८२/०२/२२**

यस कार्यालयको मिति २०८१/१२/१५ को मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित सूचना नं १२-०८१/८२ अनुसार तपसिल बमोजिमको निर्माण व्यवसायीको बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सम्पूर्ण बोलपत्रदाताको जानकारीको लागि जारी गरिएको छ ।

**तपसिल**

| सि.नं. | ठेक्का नं | स्वीकृतिका लागि छनौट भएका बोलपत्र दाताको नाम | कबोल अंक (मु.अ.कर र पी.एस सहित) |
|---|---|---|---|
| 1 | RDCHT/33701138/081/82-69 | JNSPL/UIBPL/DNS JV, Kathmandu | 13,64,51,507.94 |

**डिभिजन प्रमुख**



## सोरु गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**जिमा, मुगु**
**कर्णाली प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मितिः २०८२/०२/२१**

यस गाउँपालिकाद्वारा मिति २०८१/१२/२३ गतेको राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशन भएको बोलपत्र आव्हान (ई-बिड) को सूचनाबमोजिम रितपूर्वक पर्न आएका बोलपत्रहरू मध्ये तपसिल बमोजिमको बोलपत्रहरूको न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतीका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र दफा ४७ को प्रयोजनार्थको लागि सम्बन्धित सबै बोलपत्र दाताहरूलाई यो सूचनाद्वारा जानकारी गराइएको बेहोरा अनुरोध छ ।

| क्र.स. | ठेक्का नं. | कामको विवरण | छनौट भएका बोलपत्रदाताको नाम र ठेगाना | कबोल अङ्क/दररेट (रू.) (VAT र PS सहित) | कै. |
|---|---|---|---|---|---|
| १ | SRM/MUGU/ NCB/ WORKS/ RC-82-2081/01 | The costruction of Roadway excavation and gabion works of Bukalna dekhi Sirupata Sadak Nirman | D R Construction, Soru-9, Mugu | 3,436,506.26 | |
| २ | SRM/MUGU /NCB/ WORKS/ RC-82-2081/02 | The costruction of Roadway Excavation and Bio engineering Works of Gaurabedu dekhi Tanja Gaun ko Bato Nirman | Shivaraj Malla Construction, Gamgadhi, Mugu | 2,456,530.29 | |
| ३ | SRM/MUGU /NCB/ WORKS/ RC-82-2081/03 | The costruction of Roadway Excavation Works of Susane Odar dekhi Bhalate Khola sama Sadak Nirman | Bijuli Nirman Foom & Bijaya Trades & Suppliers, Soru 1, Mugu | 2,945,508.53 | |

**प्रमुख प्रशासकीय अधिकृत**



Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
## Alternative Energy Promotion Centre (AEPC)
Tahachal, Kathmandu, Nepal
Tel: +977-1-4598013/4598014
Email: info@aepc.gov.np Website: www.aepc.gov.np

### Invitation for Sealed Quotations

**Date of Notice Publication: 5 June 2025**

1. **Alternative Energy Promotion Centre (AEPC)** invites **Sealed Quotations** for the procurement of the following **Goods** under **Sealed Quotation (SQ)** procedures as specified in the prevailing Public Procurement Act and Public Procurement Regulations of Nepal. The SQs are open to all eligible Bidders.

| Contract ID No. | Title of Assignment | Minimum Bid Security Amount |
|---|---|---|
| AEPC/CCS/SQ/G/2081/82-01 | Supply and Delivery of Laptop, Printer and Electronics Items | NRs. 40,000.00 |
| AEPC/CCS/SQ/G/2081/82-02 | Supply and Delivery of Furniture | NRs. 32,000.00 |
| AEPC/CCS/SQ/G/2081/82-03 | Supply, Delivery and Installation of AC, Cooler & Supply and Delivery of Kitchen, Cultery and other miscellaneous Items | NRs. 40,000.00 |

2. Interested Eligible Bidders may obtain further information and inspect the Bidding Documents (SQ) in English at the office of AEPC, Tahachal, Kathmandu.
3. A complete set of Bidding Documents (SQ) may be purchased from the office of AEPC, Tahachal, Kathmandu, Nepal by eligible Bidders on the submission of a written application, along with the copy of **Firm/Institution Registration & PAN/VAT Registration certificates** and upon payment of a non-refundable fee of **NRs. 1,000.00** for each task to the following bank account:
   Name of the Bank: **Rastriya Banijya Bank, Baneshwar Branch**
   Name of Office: **Alternative Energy Promotion Centre**
   Office Code No.: **308003502,** Rajaswa (Revenue) Shirshak No.: **14229**
   Bank Account No.: **1000100200010000**
4. The Bidding Document (SQ) shall be available for sale up to office hours till **19 June 2025.**
5. Interested Bidders are required to submit the SQ to the office of AEPC, Tahachal, Kathmandu on or before **12:00 Noon on 20 June, 2025**. Sealed Quotations received after this deadline will not be accepted.
6. Submitted SQs will be opened in the presence of Bidder's representatives who choose to attend at **12:15 P.M. on 20 June 2025** onwards, 30-minute intervals for each task respectively, at the office of **AEPC, Tahachal, Kathmandu.**
7. Sealed Quotation must be valid for a period of 45 days counting from the date of SQ opening and must be accompanied by SQ/Bid security, **as mentioned in the table above**, which shall be valid for a minimum of 30 days beyond the quotation validity period (i.e., **Valid up to a minimum of 2 September 2025**).
8. If bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited in Office Code: **3080002** and Account Name: **DTCO, Kathmandu,** Bank Account No.: **1201200001002524** at **Nepal Rastra Bank, Thapathali** and original voucher/receipt of the deposited amount must be submitted along with the Sealed Quotation.
9. Other details are provided in the Sealed Quotation Documents.

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२२ जेठ २०८२ बिहीबार
5 June 2025, Thursday

# स्थानीय तहका उपप्रमुख तथा उपाध्यक्षको राष्ट्रिय सम्मेलन विराटनगरमा हुँदै

**जुनु भट्टराई/मध्यान्ह**
विराटनगर, २१ जेठ



स्थानीय तहका उपप्रमुख तथा उपाध्यक्षहरूको राष्ट्रिय सम्मेलन यही जेठ २३ र २४ गते विराटनगरमा हुँदैछ । विराटनगर महानगरपालिकाको आयोजनामा वीरेन्द्र सभागृहमा हुने सम्मेलनमा २९१ जना उपप्रमुख तथा उपाध्यक्षको सहभागिता रहने महानगरले जनाएको छ ।

बुधबार आयोजित पत्रकार सम्मेलनमा महानगरले पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको प्रमुख आतिथ्यतामा हुने सम्मेलनको औपचारिक उद्घाटन गरिने जानकारी दिएको हो ।

कार्यक्रमको उद्देश्यबारे जानकारी दिँदै विराटनगर महानगरपालिकाकी उपमेयर शिल्पा निराला कार्कीले स्थानीय तहका उपप्रमुख तथा उपाध्यक्षहरूको कार्यसम्पादन क्षमतालाई अझ प्रभावकारी बनाउने लक्ष्य लिइएको बताइन् । उनले भनिन्, 'स्थानीय तहमा भएका असल अभ्यासहरू आदानप्रदान गर्दै न्यायिक निरुपण, योजना तर्जुमा, अनुगमन तथा मूल्यांकनमा उपप्रमुखहरूको दक्षता अभिवृद्धि गर्न सम्मेलन केन्द्रित हुनेछ ।'

उपमेयर कार्कीका अनुसार सम्मेलनमा देशभरका ६ वटा महानगरपालिका, ११ उपमहानगरपालिका, कोशी प्रदेशका १३६ पालिका, मधेश प्रदेशका ७३ तथा बागमती प्रदेशका ४१ पालिकाका उपप्रमुख तथा उपाध्यक्षलाई निमन्त्रणा गरिएको छ। अन्य ४ प्रदेशका केही पालिकाका प्रतिनिधि पनि सहभागी हुनेछन् । सम्मेलन आयोजनामा करिब ४२ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको छ, जसमा १० लाख रुपैयाँ कोशी प्रदेश सरकारले सहयोग गरेको छ । सहभागीहरूको खानपिन, बसोबास तथा अन्य व्यवस्थापन महानगरले गर्नेछ।

विराटनगर महानगरपालिकाका मेयर नागेश कोइरालाले सम्मेलन उपप्रमुख तथा उपाध्यक्षहरूको आफ्नै अनुभव, अधिकार र चुनौतीबारे आवाज उठाउने थलो बन्ने विश्वास व्यक्त गरे । 'कतिपय स्थानीय तहमा प्रमुख र उपप्रमुखबीच समन्वयको अभाव देखिएको छ,' उनले भने, 'सम्मेलनबाट आपसी सम्बन्ध प्रगाढ बनाउन सहयोग पुग्नेछ ।'

कार्यक्रममा संविधानविद् काशीराज दाहालले 'विकेन्द्रित न्याय प्रणालीमा न्यायिक समितिका संयोजकको भूमिका' विषयमा कार्यपत्र प्रस्तुत गर्नेछन्। त्यसैगरी अर्थशास्त्री डा. गापी खनालले 'वित्तीय संघीयताको सुदृढीकरणमा स्थानीय तहको भूमिका' र प्रशासनविद् रमेश अधिकारीले 'स्थानीय सरकार सञ्चालनमा उपप्रमुखको नेतृत्व' विषयमा कार्यपत्र प्रस्तुत गर्नेछन्।

सम्मेलन सम्पन्न भएपछि 'विराटनगर घोषणापत्र' सार्वजनिक गरिने पनि बताइएको छ । यस घोषणापत्रमार्फत अस्पष्ट कानुनहरूको संशोधन, स्थानीय तहको साझा मुद्दामा एकता, तथा न्यायिक समितिका पदाधिकारीबीच नियमित समन्वय स्थापना गर्ने विषयहरू समेटिनेछन् । दुईदिने सम्मेलनबाट उपप्रमुख तथा उपाध्यक्षहरूको प्रशासनिक, न्यायिक र विकास निर्माण सम्बन्धी क्षमतामा सुधार आउने साथै सेवा प्रवाह थप प्रभावकारी र जनमुखी बन्ने विश्वास रहेको महानगरपालिकाले जनाएको छ ।

# पन्तको 'अफगानिस्तानको आगो' पोर्चुगलमा लोकार्पण

**भरत प्रधान/मध्यान्ह**
लिस्बन, २१ जेठ



साहित्यकार रामप्रसाद पन्त (आरपी)द्वारा लिखित संस्मरणात्मक निबन्ध संग्रह 'अफगानिस्तानको आगो' पोर्चुगलमा लोकार्पण गरिएको छ ।

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) पोर्चुगलको आयोजनामा आइतबार राजधानी लिस्बनमा एक कार्यक्रमका बीच उक्त संग्रहको लोकार्पण गरिएको हो । पुस्तकको लोकार्पण पोर्चुगलका लागि नेपाली राजदूत प्रकाशमणि पौडेल, लिस्बनस्थित नेपाली दूतावासका द्वितीय सचिव रामबाबु नेपाल, अनेसास पोर्चुगलका अध्यक्ष सवी श्रेष्ठ र लेखक पन्तले संयुक्त रूपमा गरेका थिए । कृतिमाथि साहित्यकार अर्जुन श्रीले समीक्षात्मक टिप्पणी गरेका थिए ।

पूर्व नेपाली सेनासमेत रहेका पन्तले पुस्तकमा रोजगारीका लागि विदेशिएका नेपालीले भोग्नुपरेका समस्या, पीडा, संघर्ष र कथाव्यथालाई प्रवासी नेपालीको साझा कथाका रुपमा चित्रण गरिएको बताए । उनले युद्धग्रस्त अफगानिस्तानमा कार्यरत नेपालीले भोग्नुपरेको पीडा, भय, त्रास र आफूले नजिकबाट नियालेका युद्धका दृश्य र भोगाइ नै पुस्तकको मुल विषयवस्तु रहेको बताए । वैदेशिक रोजगारीका सिलसिलामा झण्डै आधा दशक अफगानिस्तान रहेका पन्तले घरदेशदेखि परदेशसम्म र परदेशदेखि घरदेशसम्मको संघर्ष र यथार्थ भोगाइलाई निबन्धमार्फत प्रस्तुत गरेको बताए ।

पहिलो कृतिका रूपमा प्रकाशित पन्तको उक्त पुस्तकमा ११ वटा निबन्ध संग्रहित छन् । जसमा लेखकका जीवनसंघर्षका भोगाइहरू, युद्धबाट आक्रान्त अफगानिस्तानमा कार्यरत नेपालीहरूको अवस्था र उनीहरूका परिवारले भोग्नुपरेको पीडा तथा वेदना समेटिएका छन् ।

कार्यक्रममा एनआरएनए आईसीसी सदस्य राजकुमार थापा, नेपाल आदिवासी जनजाति महासंघ पोर्चुगलका अध्यक्ष चोपकुमार रानामगर, नोबेल साकोस साहित्य संस्थाकी अध्यक्ष सरस्वती गौतम, नेपाल पत्रकार महासंघ युरोप शाखाका उपमहासचिव कलश खरेललगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

समाजकी अध्यक्ष सवी श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा अनेसासका निवर्तमान केन्द्रीय सदस्य यादव देवकोटाको स्वागत मन्तव्य रहेको थियो । कार्यक्रम अनेसास पोर्चुगलका महासचिव एन बी अन्जानले सञ्चालन गरेका थिए ।

# सवारी दुर्घटनामा २ जनाको मृत्यु

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २१ जेठ

रौतहटमा सवारी दुर्घटना हुँदा २ जनाको मृत्यु भएको छ भने २ जना घाइे भएका छन् । सर्लाहीको बरहथवाबाट चन्द्रनिगाहपुरतर्फ जाँदै गरेको बागमती प्रदेश ०३-००१ ज ०४५२ नम्बरको विद्युतीय सोकोन गाडी र विपरीत दिशाबाट आइरहेको मधेश प्रदेश ०३-००१ ख ८६०० नम्बरको मालवाहक ट्रक एकआपसमा ठोक्किँदा दुर्घटना भएको हो । दुर्घटनामा परी सर्लाही रामनगर-१ खैरवाका ३६ वर्षीया भगिया देवी र ३० वर्षीय धिरेन्द्र ठाकुरको मृत्यु भएको इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरले जानकारी दिएको छ ।

दुर्घटनामा घाइते भएकाहरुको उपचार भइरहेको प्रहरीले जनाएको छ । प्रहरीले घटनाबारे थप अनुसन्धान भइरहेको बताएको छ ।

# ठाकुरबाबा नगरपालिका-३ बालविवाह मुक्त वडा घोषणा

**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, २१ जेठ



बर्दियाको ठाकुरबाबा नगरपालिकाको वडा नं. ३ लाई बालविवाह मुक्त वडा घोषणा गरिएको छ । ९ वटा वडा रहेको पालिकाले वडा नं. ३ लाई पहिलो बालविवाह मुक्त वडाको रुपमा घोषणा गरेको हो । एक समारोहका बीच नगर प्रमुख तिलकराम लम्सालले वडा नं. ३ लाई बालविवाह मुक्त वडा घोषणा गरे ।

वडामा गरिएको पछिल्लो सर्वेक्षणअनुसार १३ प्रतिशत बालविवाहको अवस्था रहनुका साथै नेपाल सरकारको बालविवाह अन्त्यका लागि बनेको राष्ट्रिय रणनीति २०७२, नगरपालिकाको बालविवाह अन्त्यका लागि बनेको स्थानीय रणनीति २०७७ एवं नगरपालिकाको बालविवाह मुक्त अभियान सञ्चालन निर्देशिका २०७९ मा भएका सम्पूर्ण मापदण्ड पूरा गरेको र यसको दिगोपन सुनिश्चितताामा नगरपालिकाको प्रतिबद्धता रहेपछि वडा नं. ३ लाई बालविवाह मुक्त वडा घोषणा गरिएको हो ।

पालिकाको बालविवाह मुक्त अभियान रणनीतिक योजनाअनुसार वडामा १५ प्रतिशतभन्दा कम बालविवाह भए बालविवाह मुक्त घोषणा हुने प्रावधान रहेको छ ।

पालिकाको समन्वयमा प्लान इन्टरनेशनल नेपाल, राधाकृष्ण थारु जनसेवा केन्द्र, भेरी वातावरणीय विशिष्टता समूह (बि ग्रुप) बाँके लगायतका गैर सरकारी संस्थाहरुले सञ्चालन गरेको अभियानका कारण वडालाई बालविवाह मुक्त घोषणा गर्न सम्भव भएको नगरप्रमुख लम्सालले बताए ।

पालिकालाई नै बालविवाह मुक्त पालिका घोषणा गर्न पालिकाको सहकार्यमा प्लान इन्टरनेशनल नेपाल, राधाकृष्ण थारु जनसेवा केन्द्र, भेरी वातावरणीय विशिष्टता समूह (बि ग्रुप)लगायतका गैर सरकारी संस्थाहरुले विगत ३ वर्षदेखि अभियान नै सञ्चालन गरिरहेका छन् ।


## सोरु गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
जिमा, मुगु
कर्णाली प्रदेश, नेपाल

### सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशन मितिः २०८२/०२/२१**

यस गाउँपालिकाद्वारा मिति २०८१/०१/१० गतेको राष्ट्रियस्तरको दैनिक पत्रिकामा दोस्रो पटक प्रकाशन भएको सिलबन्दी दरभाउपत्र आव्हान (ई-बिड) को सूचनाबमोजिम रितपुर्वक पर्न आएका सिलबन्दी दरभाउपत्रहरू मध्ये तपसिल बमोजिमको सिलबन्दी दरभाउपत्रहरूको न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतीका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र दफा ४७ को प्रयोजनार्थको लागि सम्बन्धित सबै सिलबन्दी दरभाउपत्रदाताहरूलाई यो सूचनाद्वारा जानकारी गराइएको बेहोरा अनुरोध छ ।

**तपसिल**

| क्र.स. | ठेक्का नं. | कामको विवरण | छनौट भएका बोलपत्रदाताको नाम र ठेगाना | कबोल अङ्क/दररेट (रू.) (VAT र PS सहित) | कै. |
|---|---|---|---|---|---|
| १ | SRM/MUGU/SQ/GOODS/LISP/WR03/2081-82 | The procurement, supply and delivery of Non-local Construction Materials for Ghatakuna Sinchi Ayojana | Saroj Nirman Sewa, Soru-1, Mugu | 1,278,018.70 | |

प्रमुख प्रशासकीय अधिकृत



## बरियारपट्टी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
बरियारपट्टी, सिरहा
मधेश, प्रदेश नेपाल

**चट्याङ प्राकृतिक प्रकोप हो । यसलाई रोक्न सकिदैन । तर सावधानी अपनाउने हो भने चट्याङबाट हुनसक्ने क्षति कम गर्न सकिन्छ ।**

१. आकाशमा बिजुली चम्केर गड्याङगुडुङ गर्न थालेपछि घरभित्र गइहालौं ।
२. रूख वा बिजुलीको पोलमुनि कहिल्यै नबसौं । छाता नओढौं ।
३. पौडी खेल्ने, डुङ्गा चलाउने तथा खेतबारीमा काम नगरौं ।
४. घरभित्र हुनुहन्छ भने तारवाला फोनको प्रयोग नगरौं ।
५. टिभी र कम्प्युटरजस्ता विद्युतीय उपकरण नचलाऔं । बरू प्लगबाट छुट्याइदिऔं ।
६. झ्याल भयाङ तथा बरण्डाको ग्रील र बार नछोऔं ।
७. बाथरुमभित्र नुहाउने, कपडा धुने, भाँडा माझ्ने काम नगरौं ।
८. चट्याङ प्रभावित व्यक्तिको शरीरमा विद्युतीय झड्का रहँदैन त्यसैले यस्ता व्यक्तिलाई छुँदा कुनै असर पर्दैन ।
९. वर्षाको चट्याङ केही समय मात्र हुने भएकाले बाहिर पर्नुभयो भने पर्खनु राम्रो हुन्छ ।
१०. चट्याङ पर्दा खुल्ला ठाउँमा भुइँमा पल्टिनु बढी सुरक्षित हुन्छ ।
११. दुवै हातलाई टाउको माथि राखी निहुरिएर कुर्कुचो जोडेर थुचुक्क बसौं ।
१२. आकाशमा बादल तीव्रताका साथ गर्जिरहेको छ भने पक्की भवनमा आश्रय लिनुपर्छ ।
१३. कुनै व्यक्ति चट्याङले प्रभावित भए तुरन्त अस्पताल लैजाऔं ।
१४. यस्तो बेलामा खुल्ला चौर, खुल्ला संरचनामा जानु हुँदैन ।
१५. चट्याङ पर्न लाग्दा सुरक्षित स्थानमा आश्रय लिनु पर्दछ ।



## तिरहुत गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
गोइठी, सप्तरी
मधेश, प्रदेश नेपाल

**बाढी, पहिरो, आँधी, बेहरी, जस्ता आपत विपद हुने सम्भावनाबाट जोगिन निम्न कुरामा ध्यान दिन गाउँबासीमा अनुरोध**

१. केहि दिनको लागि चाहिने आपतकालीन आत्यावश्यक सामग्री (जस्तैः खानेकुरा, कपडा, औषधि, पानी) हरूको जोहो गरी सुरक्षित स्थानमा राखौं ।
२. बाढी आएका बेला नदीनालामा माछा मार्ने, पौडी खेल्ने, काठ दाउरा संकलन गर्ने र गाईवस्तु चराउने जस्ता कार्यहरू उच्च जोखिममा रहने हुँदा त्यस्ता कार्यहरू नगरौं र नगराऔं ।
३. बालबालिका, गर्भवती महिला, ज्येष्ठ नागरिक तथा अपांगता भएका व्यक्तिहरूको उद्धार तथा राहत वितरणमा विषेश प्राथमिकता दिनुहोस् ।
४. रेडियो, मोबाईल एस. एम. एस. बाट सूचना लिनुहोस् ।
५. बाढीको समयमा चौपायालाई खुल्ला छोड्नुहोस् ।
६. वर्षाको समयमा सर्प निस्कने हुँदा रातको समयमा सधैं टर्चलाईट प्रयोग गर्नुहोस् ।
७. महत्वपूर्ण कागजात, आवश्यक औषधीहरू प्लाष्टिकमा सुरक्षित साथ राख्नुहोस् ।
८. उच्च र सुरक्षित जमिनमा जानुहोस् ।
९. बाढी आईरहेको समयमा नदि वा खोलानालामा नजानुहोस् ।
१०. सफा (उमालेर/निर्मलिकृत) पानी मात्र पिउनुहोस् ।
११. ग्यांस तथा विद्युतीय सामग्रीहरू बन्द गर्नुहोस् ।
१२. उच्च जोखिममा रहेका बस्तीहरू पहिचान गरी सुरक्षित स्थानमा स्थानान्तरण गरौं ।
१३. मौसम पूर्वानुमान तथा नजिकका नदि नालामा पानीको बहावको सूचना लिई आवश्यक सतर्कता अपनाऔं ।
१४. बाढी पहिरोको समयमा आपतकालिन उद्दारको लागि नजिकको सुरक्षाकर्मी वा सशस्त्र प्रहरी बल, नेपालको टोल फ्री नं-१११४ मा सम्पर्क गर्नुहोस् ।

# विपद्का घटना रोक्न सबै संयन्त्र परिचालन गरिनेछ : मुख्यमन्त्री आचार्य




**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
भालुवाङ, २१ जेठ

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले मनसुनजन्य विपद्को पूर्वतयारी र प्रतिकार्यका लागि सबै निकायलाई उच्च सतर्कताका साथ तयारी अवस्थामा रहन निर्देशन दिएका छन् ।

बुधबार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राप्ती उपत्यका देउखुरीमा आयोजित प्रदेश विपद् व्यवस्थापन परिषद्को बैठकमा बोल्दै मुख्यमन्त्री आचार्यले अन्य प्रदेशको तुलनामा लुम्बिनी सबैभन्दा बढी प्रभावित हुने प्रक्षेपण गरिएकाले विशेष सतर्कता आवश्यक रहेको बताए ।

'मनसुनजन्य विपद्बाट लुम्बिनी प्रदेश सबैभन्दा बढी प्रभावित हुने अनुमान गरिएको छ,' उनले भने, 'त्यसैले क्षति न्यूनीकरणमा केन्द्रित भएर उच्च सतर्कताका साथ खटिनु आवश्यक छ । समुदायको परिचालनमार्फत मात्र विपद्बाट हुने क्षति न्यूनीकरण सम्भव हुन्छ । त्यसका लागि स्थानीय सरकार, सुरक्षा निकाय र स्वयंसेवक युवाबीच प्रभावकारी समन्वय हुनुपर्छ ।'

मुख्यमन्त्री आचार्यले विपद् पूर्वको अवस्थामा प्रभावकारी सूचना प्रवाह, सुरक्षित स्थानको व्यवस्था, नागरिक शिक्षा तथा सचेतनामूलक अभियान सञ्चालन, खोज तथा उद्धार कार्य सशक्त बनाउनुका साथै जोखिमयुक्त क्षेत्रमा सुरक्षाकर्मी तथा स्वयंसेवक परिचालन गर्नुपर्नेमा जोड दिए । साथै, उनले विपद्पछि राहत, पुनःस्थापना, खाद्यान्न आपूर्ति, शुद्ध खानेपानी र स्वास्थ्य सेवा सुनिश्चित गर्नुपर्ने निर्देशनसमेत दिए ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले सार्वजनिक गरेको 'मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८२' अनुसार यस वर्ष लुम्बिनी प्रदेश सबैभन्दा बढी प्रभावित हुने अनुमान गरिएको छ । कार्ययोजनाका अनुसार प्रदेशका करिब १ लाख १९ हजार ८३० घरधुरीका ५ लाख २३ हजार ६५६ नागरिक प्रभावित हुनसक्ने आंकलन गरिएको छ । सोहीअनुसार प्रदेश सरकारले तयारी र सतर्कता अभियान अघि बढाएको छ ।

बैठकले मनसुनजन्य विपद्बाट प्रदेशलाई सुरक्षित राख्न सबै पक्ष संवेदनशील, जिम्मेवार र सक्रिय रहनुपर्ने निष्कर्ष निकालेको छ ।

लुम्बिनी प्रदेशमा पछिल्लो १० वर्षमा मनसुनजन्य विपद्का १ हजार ६१८ वटा घटना भएका छन् । ती घटनामा ४५९ जनाको मृत्यु, ६१९ जना घाइते, ३२ जना बेपत्ता हुनुका साथै ८ हजार ३१५ परिवार प्रभावित भएको आन्तरिक मामिला तथा कानुन मन्त्रालयका विपद् फोकल पर्सन गंगाधर पाण्डेले जानकारी दिए ।

२०८१ मा मात्रै २९२ विपद्का घटना भएका थिए । मानवीय क्षतिको दृष्टिले सबैभन्दा बढी २०७३ सालमा १०७ जनाको ज्यान गएको थियो ।

गत वर्ष बाढी, पहिरो र भारी वर्षाका कारण लुम्बिनी प्रदेशमा ५३ जनाको मृत्यु, ७० जना घाइते, ९ जना बेपत्ता र १०९ परिवार प्रभावित भएका थिए । करिब ५४ करोड रुपैयाँ बराबरको क्षति भएको उल्लेख गरिएको छ ।

बैठकमा जल तथा मौसम विज्ञान कार्यालय भैरहवाका वरिष्ठ मौसमविद् वरुण पौडेलले लुम्बिनी प्रदेशका पहाडी जिल्लामा यस वर्ष अधिक वर्षाको सम्भावना रहेको जनाउँदै त्यसअनुसार प्रभावकारी विपद् प्रतिकार्य योजना निर्माणमा जोड दिनुपर्ने बताए ।

बैठकमा आर्थिक मामिला तथा योजना मन्त्री धनेन्द्र कार्की, कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्री दिनेश पन्थी, आन्तरिक मामिला तथा कानुन मन्त्री आदेशकुमार अग्रवाल, स्वास्थ्य मन्त्री खेमबहादुर सारु, वन तथा वातावरण मन्त्री देवकरणप्रसाद कलवार, प्रदेशसभा सदस्य तथा प्रदेश मामिला तथा कानुन समितिका सभापति दिलकुमारी बुढा, नेपाली सेनाको नम्बर १९ बाहिनी अड्डा तुलसीपुरका बाहिनीपति पदमबहादुर बुढा, सशस्त्र प्रहरी बल नम्बर ५ विन्ध्यवासिनीका डिआईजी दीपेन्द्र कुँवर, लुम्बिनी प्रदेश प्रहरी कार्यालयका एसएसपी जनार्दन जिसी, नेपाल रेडक्रस सोसाइटी लुम्बिनी प्रदेश अध्यक्ष कृष्ण पंगेनीलगायतको सहभागिता रहेको थियो ।


## बहराइनमा रोजगार

कम्पनी: MAGIC SHINE CLEANING CO.W.L.L — शहर: BAHRAIN
पूर्व स्वीकृत मिति:२०८२/०२/२१ — चलानी नं.: ६०२३९०८२ — LT. No.: 325142

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners | 79 | 20 | स. काममा दक्ष | 100 | ३६,२४९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ जेठ २९ गते (12 June 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

NICE — श्रम इ. पत्र नं. १०६२/०७३/०७४
**Nice Recruiting Agency Pvt. Ltd.**
Samakhusi-26, Kathmandu, Landline No : 01-4957256,
Mob: 9706414359, 9843000020, 9862179537.
Website: nicerecruitment.org, E-mail: nicerecruitingagency1062@gmail.com

## युएईमा रोजगार

कम्पनी: I F M FACILITIES MANAGEMENT- L.L.C-O.P.C — शहर: UAE,ABU DHABI
पूर्व स्वीकृत मिति: २०८०/११/१५ — चलानी नं.: ६०२३३७५५ — LT. No.:319449 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners Male | 0 | 25 | सम्बन्धित काममा दक्ष | 800 | २९,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner Female | 25 | 0 | | 800 | २९,७६० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८२ जेठ २९ गते (12 June 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

SHR — Support Human Resources Pvt. Ltd. (Foreign Employment Services, Nepal)
**सपोर्ट ह्युमन रिसोर्सेज प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ६६१/०६३/०६४
सिनामंगल, काठमाडौं, नेपाल, फोन: ४१११११२६

## UAE मा रोजगारको अवसर

Al Athar Recruitment Service-sole Proprietorship LLC
पूर्व स्वीकृती मिति: २०८१/११/२२ — चलानी नं.: ६०२३४०९५ — LT No. 319235

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Building Worker/Labour | 45 | 0 | साधारण | 800 | २९,९२०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता २०८२ जेष्ठ २९ गते (12 June, 2025) यस प्रा. लि. कार्यालय सिनामंगल, काठमाडौंमा हुनेछ ।**

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८/- कामदार आफैले | रु. १,५००/- कामदार आफैले | रु. ७,००/- कामदार आफैले | नि:शुल्क |

GOLDEN CROWN — Lic NO.: 1706/081/82
**GOLDEN CROWN OVERSEAS PVT. LTD.**
Binayak Marg, Sinamangal, Kathmandu, Tel 01-5922362
9851094766, Janakpur : 9801003970, 9801003971, Butwal: 9851087916
Email : goldencrown514@gmail.com, Web : gcopl.com

## ओमनमा रोजगार

कम्पनी: al toobi new enterprise — शहर: OMAN
पूर्व स्वीकृत मिति: २०८१/०३/२९ — चलानी नं.: ६०२२१८६१ — L.T. No.:. 307173 — पुन विज्ञापन

